का.जि.प्र.का.द.नं. १००/०५९/६०

❑ वर्ष १८, अंक ४८
❑ ७ चैत्र २०७६, शुक्रबार
❑ 20 March 2020, Friday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

# जोखिममा कैदीबन्दी

## संख्या घटाउन वा छोड्न सुझाव



- कोरोनाबाट जोगिन सरकारलाई संसदीय समितिको १० बुँदे निर्देशन
- सातै प्रदेशमा उपचार तथा परीक्षणको व्यवस्था मिलाऊ
- प्रत्येक स्वास्थ्य संस्थामा मेडिकल विज्ञ समूह खडा गर
- चीनको व्यवस्थापकीय पक्षको जानकारी लेऊ
- कालाबजारी रोक
- राजनीतिक दलको भातृ संगठन परिचालन गर

**वीरेन्द्र साह/मध्यान्ह**
काठमाडौं, ६ चैत्र

नेपालमा कुल ८३ वटा कारागारमध्ये अधिकांशमा क्षमताभन्दा तेब्बरसम्म कैदी छन् । कोरोनाका कारण आफूहरू जोखिममा रहेको भन्दै कैदीबन्दीहरूले अस्थायी रूपमा भए पनि रिहाइको माग गर्दै आएका हुन् । उनीहरूको मागको विषयमा बिहीबार प्रतिनिधिसभाको संसदीय समितिमा समेत छलफल भएको छ । समितिले देशभरिको विभिन्न कारागारमा रहेका कैदीबन्दीलाई कोरोना भाइरसको संक्रमणबाट जोगाउन तत्कालका लागि छोड्न सुझाव दिइएको छ। छोड्न सम्भव नभए कैदीबन्दीका लागि अन्य व्यवस्था मिलाउन सरकारलाई संसदीय समितिले सुझाव दिएको हो । प्रतिनिधिसभाअन्तर्गतको कानून, न्याय तथा मानव अधिकार समितिले सरकारले २५ जनाभन्दा बढी बस्न नहुने निर्णयलाई आधार मानेर कैदीबन्दीहरूको जेल सजाय मिनाहा गर्ने अथवा केही समयका लागि रिहा गर्ने भन्ने विषयमा सुझाव दिएको सभापति कृष्णभक्त पोखरेलले जनाएका छन् ।

समितिका सदस्य एवम् पूर्वकानून मन्त्री शेरबहादुर तामाङले बढी जोखिम रहेका जेल र वृद्धा तथा बाल आश्रमहरूको विषयमा छलफल भएको जानकारी दिँदै भने, 'जेलमा क्षमताभन्दा बढी कैदीबन्दी रहेका छन् । उनीहरू निकै जोखिममा रहेकाले व्यवस्थापनका लागि सरकारलाई सुझाव दिएका छौं । कैद मिनाहा गरेर हुन्छ कि केही समयका लागि कैदीहरूलाई घर पठाएर हुन्छ, जसरी भए पनि उनीहरूलाई सुरक्षित राख्ने विषयमा सरकारलाई सुझाव दिएका छौं ।' समितिका अर्का सदस्य एवम् नेकपा नेता देव गुरुङले पनि कैदीबन्दीसहित विभिन्न आश्रमहरूका विषयमा ध्यान दिन सरकारलाई आग्रह गरेको बताए ।

उनले भने, 'कैदीबन्दीको व्यवस्थापन कसरी गर्ने भन्ने विषयमा हामीले सरकारलाई सुझाव दिएका छौं। अब निर्णय गर्ने जिम्मा सरकारको हो । अहिलेको परिस्थितिमा कारागार सबभन्दा संवेदनशील ठाउँ हो । त्यसकारण त्यहाँ ध्यान दिनु पर्छ ।'

यता बिहीबार नै सरकारका प्रवक्ता युवराज खतिवडाले आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै प्रधानमन्त्री कार्यालयका सचिवले कोरोनाकै कारण कुनै कैदीबन्दीलाई रिहा गर्ने सरकारको योजना नरहेको बताएका छन् । उनले भने, 'कारागारलाई सुरक्षित राख्न सावधानीका उपाय गरिएको छ, कसैले संक्रमणको शंका भए आइसोलेसनमा राखेर उपचार गर्न सकिन्छ तर, रिहा गर्ने योजना छैन ।'

यसैबीच,समितिले कोरोना भाइरस (कोभिड-१९) को सम्भावित संक्रमणबाट बच्न सरकारलाई १० बुँदे निर्देशन दिएको छ। निर्देशनमा उपत्यकालगायत देशभरका स्वास्थ्य संस्थामा जनसंख्याको चापअनुसार सघन उपचारकक्ष र आइसोलेसनको पर्याप्त व्यवस्था मिलाउने र कोरोना भाइरसको परीक्षणका लागि मेडिकल सामग्री उपलब्ध गराई औषधि मौज्दात राख्ने प्रबन्ध गर्ने रहेको छ । त्यस्तै, सरकारी, सामुदायिक र निजी अस्पतालबीच आवश्यक समन्वय गरी कोरोना भाइरसबाट संक्रमण रोकथामका लागि आइसीयू र आइसोलेसन राख्ने, सातै प्रदेशमा यो उपचार तथा परीक्षणको हुनसक्ने गरी प्रबन्ध गर्ने निर्देशन दिइएको छ । प्रत्येक स्वास्थ्य संस्थामा मेडिकल विज्ञ समूह खडा गरी कोरोना भाइरसविरुद्ध लड्न चिकित्सकको मनोबल वृद्धि गरी चिकित्सकको सुरक्षामा विशेष ध्यान पुऱ्याउन निर्देशनमा भनिएको छ ।

निर्देशनमा कोरोना भाइरसको नियन्त्रणमा सफलता हासिल गरेको मित्रराष्ट्र चीनको व्यवस्थापकीय पक्षको जानकारी लिई देशभर सञ्चारमाध्यममार्फत तत्काल जनचेतनाको अभियान कार्यक्रम सञ्चालन गर्नुपर्ने रहेको छ। मास्क, औषधि तथा अतिआवश्यक वस्तुको अभाव देखाउने काम भएको हुनाले कालाबजारी रोक्न गृह र उद्योग तथा वाणिज्य मन्त्रालयलाई समितिले निर्देशन दिएको हो । विपदका बेला राजनीतिक दलको एकतालाई स्वागत गर्दै स्थानीय तहको वडा तहसम्म राजनीतिक दलका भातृ संगठनमार्फत कोरोना सम्भावित संक्रमणलाई रोक्ने अभियान सञ्चालन गर्ने रहेको छ। समितिका सभापति पोखरेलले सरकारलाई समितिले दिएको १० बुँदे निर्देशनको जानकारी दिँदै सञ्चारमाध्यमले कोरोना भाइरससम्बन्धी समाचार प्रकाशन वा प्रसारण गर्दा सत्य, तथ्य र वस्तुनिष्ठ जानकारी मात्र सम्प्रेषण गर्न आग्रह गरे ।

# राष्ट्रिय गौरवका आयोजना : कछुवा गति

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ चैत्र

सरकारले घोषणा गरेका राष्ट्रिय गौरवका आयोजनाहरू कछुवाको गतिमा अगाडि बढेको छ। राष्ट्रिय गौरवका आयोजनाको अनुगमन प्रधानमन्त्री कार्यालयको 'वार रुम'बाट गरिए पनि योजनाहरूको अवस्था निराशाजनक रहेको छ। राष्ट्रिय गौरवका आयोजनाका रूपमा २२ वटा आयोजना रहेका छन् । केही आयोजनाको काम सन्तोषजनक छ भने केही वर्षौंसम्म रुमल्लिएको तथ्यांकले देखाउँछ ।

नेपाल सरकारले घोषणा गरेका राष्ट्रिय गौरवका २२ वटा आयोजनामध्ये चार वटा जलविद्युत्, चार वटा सिँचाइ, छ वटा लोकमार्ग, एउटा रेलमार्ग, तीनओटा अन्तर ाष्ट्रिय विमानस्थल, दुई वटा धार्मिकस्थल विकास कोष, मेलम्ची खानेपानी र चुरे संरक्षण कार्यक्रम रहेका छन्। पश्चिम सेती र विद्युत् प्रसारण आयोजनामा हालसम्म एक प्रतिशत पनि काम भएको छैन । प्रचलित मान्यताअनुसार ठूलो पूर्वाधार आयोजना न्यूनतम् चारदेखि अधिकतम् छ वर्षमा पूरा हुनुपर्छ। तर, सरकारले नै विशेष प्राथमिकता दिएर आठ वर्षअघि 'राष्ट्रिय गौरवका आयोजना' घोषणा गरेकामध्ये कुनै पनि आयोजना अहिलेसम्म सम्पन्न भएका छैनन् ।

योजना आयोगका उपाध्यक्ष पुष्पराज कँडेलले राष्ट्रिय गौरवका आयोजनाको प्रगति सुस्त हुनुमा सरकारी समन्वय र बजेटको अभाव तथा नीतिगत अस्पष्टता मुख्य कारण रहेको बताएका छन्। उनले भने, 'राष्ट्रिय गौरवका आयोजना तोक्नुअघि त्यसको बहुपक्षीय अध्ययन-विश्लेषण गरिनुपर्छ । हचुवाका भरमा तोकिएका राष्ट्रिय गौरवका आयोजना सबै उस्तै नहुन सक्छन् । भन्ने बेलामा राष्ट्रिय गौरवका भन्ने अनि कार्यान्वयन पक्ष साह्रै फितलो हुने हो भने नामको अगाडि किन राष्ट्रिय गौरवका भनी विशेषण झुन्ड्याउने ?'

कार्यान्वयन अति नै सुस्त हुँदा राष्ट्रिय गौरवका २२ आयोजनाको कुल लागत नै तीन खर्ब बढेर साढे १६ खर्बबाट सवा १९ खर्ब पुग्यो । तर, हालसम्म केवल तीन खर्बमात्रै खर्च भएको छ। राष्ट्रिय गौरवको आयोजना निर्धारण गर्ने मापदण्ड पनि नहुनु र कर्मचारी सरुवा र बजेट प्रत्यायोजनमा पनि समस्यका कारण ती आयोजनामध्ये कतिपयको काम प्रारम्भिक बाँकी पृष्ठ २ मा

## कोरोना अपडेट

### भारतमा कर्फ्यू

**नयाँदिल्ली/एजेन्सी–** विश्वव्यापी रूप लिएको कोरोना फैलँदै गएपछि भारतले कर्फ्यू जारी गरेको छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आउँदो आइतबार बिहानदेखि लागू हुनेगरी कर्फ्यू जारी गरेका हुन् । 'जनता कर्फ्यू' नाम दिइएको उक्त कर्फ्यू आइतबार बिहान ७ बजेदेखि साँझ ६ बजेसम्म रहने भारतीय सञ्चारमाध्यमले जनाएका छन् । उक्त अवधिमा घर बाहिर ननिस्कन त्यहाँको सरकारले नागरिकहरूलाई अपिल गरेको छ ।

बिहीबार साँझ टेलिभिजन संबोधनमा प्रधानमन्त्री मोदीले कोरोना भाइरसको महामारी रोक्न जनतालाई आह्वान गरेका छन् । जनता कर्फ्यूको दिन साँझ ५ बजे घरको ढोकामा उभिएर ५ मिनेट ताली, थाल र घण्टी बजाएर अत्यावश्यक सेवामा खटिएकाहरुको हौसला बढाउन आग्रह गरेका छन् ।

### अमेरिकाद्वारा २१ करोड सहयोग

**काठमाडौं/मस–** कोरोना भाइरस (कोभिड-१९) संक्रमण रोकथाम र नियन्त्रणका लागि अमेरिकाले नेपाल सरकारलाई करिब २१ करोड रूपैयाँ सहयोग गर्ने जनाएको छ। नेपालस्थित अमेरिकी दूतावासले विज्ञप्ति जारी गर्दै उक्त जानकारी दिएको हो ।

दूतावासका अनुसार, कोरोना भाइरससम्बन्धी तयारी तथा प्रतिकार्यलाई सशक्त बनाउन उक्त रकम सहयोग गर्ने घोषणा गरिएको छ। विज्ञप्तिमा भनिएको छ, 'यो रकम अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (यूएसएआईडी) को संक्रामक सरुवा रोगविरुद्ध आपतकालीन सञ्चित कोषको एक हिस्सा हो । यो रकम ०७६ फागुन २३ गते अमेरिकी सरकारद्वारा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई हस्तान्तरण गरिएका व्यक्तिगत सुरक्षा उपकरण (पीपीई) को खेपका अतिरिक्त हो ।'

यसअघि फागुन २३ मा अमेरिकी सरकारले कोरोना भाइरस (कोभिड-१९) संक्रमणलाई रोक्न सरकारलाई अत्यावश्यक व्यक्तिगत सुरक्षा उपकरण (पीपीई) हस्तान्तरण गरेको थियो । यी पीपीई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको अनुरोधमा अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (यूएसएआईडी) ले प्रदान गरेको गरेको थियो ।

### विमानस्थलबाटै ५३ फिर्ता

**काठमाडौं/मस –** कोरोनाभाइरसको जोखिम न्यूनीकरणका लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट ५३ जना फिर्ता पठाइएको छ ।



अध्यागमन नियन्त्रण गर्ने सरकारले निर्णय लिएयता ५३ जना विदेशीलाई फिर्ता पठाइएको अध्यागमन विभागले जनाएको छ । फिर्ता हुनेमध्ये ४४ जनालाई स्वाब टेस्टको प्रमाणपत्र नल्याएको कारण र नौ जनालाई 'अन अराइभल भिसा' अर्थात् नेपाल प्रवेश गरेपछि तत्कालै प्रवेशाज्ञा नदिने सरकारी निर्णयका कारण फिर्ता गरिएको अध्यागमन कार्यलयले जनाएको छ । शनिवार मध्यरातबाट लागु हुने गरी नेपाल सरकारले विदेशीहरूलाई 'अन अराइभल भिसा' नदिने र नेपाल प्रवेश गर्नका लागि स्वास्थ्य प्रमाणपत्र पेश गर्नुपर्ने निर्णय गरेको थियो। उक्त निर्णय भएयता त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हुँदै नेपाल आउने विदेशीहरूको संख्या ह्वातै घटेको छ र नेपाल प्रवेश गरेका केही सय विदेशीमध्ये अधिकांश भारतीय नागरिक छन् ।


विमानस्थलको अध्यागमन कार्यालयका प्रमुख सागर आचार्यका अनुसार मार्च १५ देखि कार्यान्वयन भएको नयाँ व्यवस्था पालना नगरेका ५३ जनालाई विमानस्थलबाट फिर्ता गरिएको छ। उनले स्वाब टेस्टको प्रमाणपत्र नल्याएकोमा विमानस्थलबाट फिर्ता गरिएका ४४ विदेशी नागरिक चीन, इटली, हङ्कङ, जापान, फ्रान्स, अस्ट्रेलिया, ब्रिटेन, अमेरिका, मेक्सिको, इजरेल र भुटानका रहेको बताए ।

# वैदेशिक रोजगार क्षेत्र अस्तव्यस्त

## अत्यावश्यकबाहेकका सेवा बन्द गर्ने मुडमा विभाग

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ चैत





वैदेशिक रोजगार विशेष

वैदेशिक रोजगारीमा जाने कामदारको श्रमस्वीकृति अनिश्चितकालका लागि स्थगन र विदेशबाट आउनेलाई पनि प्रतिबन्धका कारण वैदेशिक रोजगार क्षेत्र अस्तव्यस्त देखिन थालेको छ । सरकारले फागुन २९ गतेबाट वैदेशिक रोजगारीमा जाने कामदारको श्रमस्वीकृति रोक्ने निर्णय गरेको हो ।

खाडीका सबैजसो नेपाली दूतावासहरूले कामदारका मागपत्र प्रमाणीकरण रोकेका छन् भने युरोपमा रहेका नेपाली दूतावासहरूले बिहीबारदेखि दूतावास बन्द गरेर सेवाग्राहीहरूलाई अत्यावश्यक सेवा इन्टरनेट, टेलिफोनमार्फत प्रवाह गर्न थालेका छन् । दूतावासहरू खुला राख्दा आफ्नै कर्मचारीहरूबीच संक्रमण हुनसक्ने त्रास रहेको भन्दै दूतावासहरू बन्द गरिएको बताइएको छ ।

राजधानीमा मुख्य कार्यालय रहेका अधिकांश म्यानपावरले कार्यालय बन्द गरेको सूचना मूल ढोकामा टाँसेका छन् । सरकारी कार्यालय पनि कोरोनाबाट उत्तिकै त्रसित छन् । यद्यपि, सरकारी कार्यालय बन्द गर्ने निर्णय भने हालसम्म भएको छैन ।

वैदेशिक रोजगार विभागले कोरोनाको संक्रमणको जोखिम हटाउन कार्यालयको मूल ढोकामा साबुन पानी राखिदिएको छ । सुरक्षागार्डले सेवाग्राहीलाई अनिवार्य साबुनपानीले हात धुन लगाउने गरेका छन् ।

विभागका महानिर्देशक कुमार दाहाल भन्छन्, 'वैदेशिक रोजगारीमा जाने र फर्किने कामदारको सम्पर्कविन्दु रहेको यो कार्यालयमा स्वास्थ्य चुनौती उच्च रहेको छ। जतिबेला जे पनि हुनसक्छ भन्ने चिन्ताले कर्मचारीहरूलाई पनि सताएको छ । तर सरकारले बन्द गर्ने निर्णय नगरेसम्म कार्यालय सञ्चालन गर्नुपर्ने बाध्यता रहेको छ । अब अतिआवश्यक नभएमा कार्यालयमा नआउन आह्वान गर्ने तयारीमा छौं ।'

विभागको जस्तै अवस्था वैदेशिक रोजगार बोर्डको छ । विदेशमा गएका कामदारको मृत्यु, अंगभंग वा गम्भीर रोग लागेकालाई राहत तथा क्षतिपूर्ति उपलब्ध गराउने उक्त कार्यालयका कार्यकारी निर्देशक राजनप्रसाद श्रेष्ठले जानकारी दिए। उनले भने, 'विदेशबाट फर्किएका कामदारर उनीहरूका परिवारसँग घुलमिल भएर दैनिक रूपमा काम गर्ने बाध्यताले स्वास्थ्य चुनौती उच्च छ । स्यानिटाइजरका भरमा काम गरिरहेका छौं । कतिबेला को संक्रमित हुन्छ भन्न सक्ने अवस्था छैन ।'

वैदेशिक रोजगारले मुलुकको अर्थतन्त्रमा एक चौथाइ हिस्साको योगदान दिइरहेको छ। नेपालबाट दैनिक दुई हजारको हाराहारीमा वैदेशिक रोजगारीमा जाने कामदारले श्रमस्वीकृति लिएको तथ्यांकलाई आधार मान्दा वैदेशिक रोजगारीमा रहेका कामदारमध्ये दैनिक त्यति नै संख्यामा रहेका कामदारको भिसा र करार अवधि सकिएको छ । तर नेपाल सरकारको निर्णयका कारण उनीहरू घर फर्किन पाएका छैनन्। जसका कारण उनीहरू थप समस्यामा परेका बाँकी पृष्ठ २ मा

# 'सरकारले फोन ट्यापिङ गर्न पाउने'

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ चैत्र

विशेष परिस्थितिमा अदालतको अनुमतिविना पनि सरकारवले फोन ट्यापिङ गर्ने भएको छ । राष्ट्रिय अनुसन्धान निर्देशक राष्ट्रको सार्वभौमिकता, भौगोलिक अखण्डता तथा अन्य विशेष परिस्थितिमा अदालतको अनुमतिविना पनि फोन ट्यापिङ गर्ने अधिकार पाएको हो । यद्यपि, अदालती मुद्दाहरूमा कसैले पनि प्रमाणको रूपमा पेस गर्न भने पाउने छैन् ।

बिहीबार राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिले नेपाल विशेष सेवाको गठन तथा सञ्चालनसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा उक्त प्रस्ताव राख्दै सर्वसम्मतिले पारित गरेको हो ।

समितिबाट सर्वसम्मति रूपमा विधेयक पारित भएपछि मुख्य अनुसन्धान निर्देशकलाई मात्रै विशेष परिस्थितिमा फोन ट्यापिङ गर्न पाउने अधिकार दिइएको छ। देशको सार्वभौमिकता, भौगोलिक अखण्डता र अन्य विशेष कुराहरूका लागि मात्रै फोन ट्यापिङ गर्न सकिने प्रावधान राखिएको समिति सभापति परशुराम मेघी गुरुङले बताए । उनले भने, 'राष्ट्रको सार्वभौमिकता भौगोलिक अखण्डता र विशेष कुराहरूको लागि मात्रै फोन ट्यापिङ गर्न पाइने छ। तर त्यो अधिकार मुख्य अनुसन्धान निर्देशकलाई मात्रै दिइएको छ ।'


> **अनुसन्धान निर्देशकले फोन ट्यापिङको कारण र आधार खुलाएर अभिलेखीकरण राख्नुपर्ने छ ।**

अनुसन्धान निर्देशकले फोन ट्यापिङको कारण र आधार खुलाएर अभिलेखीकरण राख्नुपर्ने छ । ट्यापिङ भएको फोन कललाई कुनै पनि अदालतमा त्यसलाई प्रमाणको रूपमा कसैले पनि प्रयोग गर्न नपाउने प्रावधान पनि राखिएको सभापति गुरुङले बताए। संशोधन विधेयकमा ट्यापिङ भएको फोनको दुरूपयोग भएमा कडा सजायको व्यवस्थासमेत गरिएको उनले बताए। सेवामा रहँदा वा अवकाश प्राप्त भएपछि पनि त्यसको दुरूपयोग भएमा कडा सजाय हुने सभापति गुरुङले बताए ।

'राष्ट्रको स्वाधीनता, सार्वभौमिकता, भौगोलिक अखण्डता, मुलुकको शान्ति सुरक्षासँग सम्बन्धित सूचनाहरू त्यो पदमा रहँदा वा पदभन्दा बाहिर जाँदा पनि त्यसको दुरूपयोग भएको अवस्थामा सजाय कठोर गरिएको अवस्था छ,' उनले भने ।

यस्तै, ०७८ साउन १ गतेबाट लागू हुनेगरी कर्मचारीहरूको उमेर हद ६० वर्ष कायम गरिएको छ। समितिमा छलफलका क्रममा फोन ट्यापिङ, कर्मचारीहरूको उमेर हद, सजायका प्रावधानहरूमा मत भिन्नता रहँदै आएको थियो । खसगरी नेपाली कांग्रेसले फोन ट्यापिङ गर्ने प्रावधानमा आफ्नो असहमति राख्दै आएको थियो ।

# माननीयलाई छैन डर !





**काठमाडौं/मस-** सरकारले २५ जनाभन्दा बढी भेला नहुन र धेरै भीडभाड हुने कार्यक्रम सञ्चालन नगर्न निर्देशन दिए पनि संघीय संसद्को बैठक जारी रह्यो । कोरोना भाइरस (कोभिड–१९) को संक्रमण विश्वव्यापी बनेपछि सरकारले धेरै मान्छे भेला हुने सभा, सम्मेलन नगर्न र २५ जनाभन्दा बढी भेला नहुन निर्देशन दिए पनि संसद्मा भने त्यसको प्रभाव परेन ।

बुधबार राष्ट्रियसभा र संसदीय समितिले बैठक सञ्चालन गरेका छन् । राष्ट्रियसभा बैठक १ घण्टाभन्दा बढी समय बसेर सकिएको थियो भने समितिहरुको बैठकले समेत विभिन्न निर्णय गरेको थियो ।

बुधबार कोरोना भाइरस संक्रमण रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिले बुधबार २५ जनाभन्दा बढी भेला नहुन निर्देशन गरे पनि राष्ट्रियसभा बैठकमा सांसद्हरूको तापक्रम जाँच गरी स्यानिटाइजरले हात धोएर मात्रै भित्र प्रवेश गराइएको थियो । राष्ट्रियसभा बैठक शुक्रबार पनि सञ्चालन हुने बताइएको छ ।

यस्तै कानून, न्याय तथा मानवअधिकार समिति, विकास तथा प्रविधि समिति, कृषि सहकारी तथा प्राकृतिक स्रोत समिति, विधायन व्यवस्थापन समिति र अर्थ समितिको बैठक सञ्चालन भएको थियो । राज्य व्यवस्था तथा सुशासन समितिमा भने सांसदहरूले २५ जनाभन्दा बढी उपस्थित भएकाले सञ्चालन गर्न नहुने भन्दै विरोध जनाएका थिए । केहीबेर सञ्चालन भएको बैठकमा सांसद्हरुले विरोध जनाएपछि समिति सभापति शशि श्रेष्ठले बैठक स्थगित भएको घोषणा गरेकी थिइन् । औपचारिक विषयमा प्रवेश नगरे पनि समितिमा सदस्यहरूबीच केहीबेर छलफल भने चलेको थियो । कानून, न्याय तथा मानवअधिकार समितिको बैठकमा २५ जनाभन्दा कम सांसदहरू सहभागी भएकाले बैठक सञ्चालन गरिएको बताइएको छ । अर्थ समितिमा भने ३० जनाभन्दा बढी सांसदहरू सहभागी थिए ।

बिहीबार नै उच्चस्तरीय समन्वय समितिका संयोजकसमेत रहेका उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेल सहभागी हुने भनिएको एक कार्यक्रम भने अन्तिम समयमा आएर स्थगित भएको थियो । कान्तिपथस्थित होटल एल्लो प्यागोडामा हुने कार्यक्रमका लागि सहभागीहरू आएको भए पनि सरकारी निर्णयको अवज्ञा गर्न नहुने भन्दै स्थगित गरिएको थियो । गृहमन्त्रालयमा गृहमन्त्री समेतको सहभागितामा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण कार्यकारी समितिको बैठक पनि बसेको छ । बैठकमा गृहमन्त्री रामबहादुर थापाले सरकारले २५ जनाभन्दा बढी भेला नहुन भने पनि अत्यावश्यक विषयमा छलफल गर्नुपर्ने भएकाले सञ्चालन गर्नुपरेको बताए ।

**संसद्हरूको तापक्रमण परीक्षण**

राष्ट्रियसभाका सदस्यहरूको तापक्रम परीक्षण गरिएको छ । बुधबार राष्ट्रियसभा बैठक बस्नुअघि सांसद्हरूको तापक्रम परीक्षण गरिएको हो ।

त्यस्तै सांसद्हरूलाई स्यानिटाइजरले हात धोएर मात्रै संसद् भवनमा प्रवेश दिइएको थियो । राष्ट्रियसभा सदस्य रमेशजंग रायमाझीले सरकारले आफैं गरेको निर्णय कार्यान्वयन नहुँदा चेकजाँच गरेर मात्रै संसदभित्र छिर्नुपर्ने अवस्था आएको बताए । आफ्नै निर्णय कार्यान्वयन नगरेर सरकारले आतंकित बनाएको आरोप पनि उनले लगाए । सरकारी निर्णयले कालोबजारी बढेको भन्दै त्यसविरुद्ध खरो उत्रन सरकारलाई सुझाए ।

सांसद् महेशकुमार महराले भने केही महत्वपूर्ण कानूनहरु बनाउनुपर्ने बाध्यताले बैठक सञ्चालन भएको बताए । देशको सर्वोच्च निकाय राष्ट्रियसभाबाट अझैं केही विधेयकहरू पारित गर्नुपर्ने भएकाले शुक्रबार पनि बैठक सञ्चालन हुने उनले बताए ।

# कोरोना संक्रमितको उपचार सरकारले गर्छ : स्वास्थ्यमन्त्री

## भ्रम फैलाउने मिडियाविरुद्ध काउन्सिल कठोर बन्दैछ : कावा अध्यक्ष श्रेष्ठ



**काठमाडौं/मस-** स्वास्थ्य तथा जनसंख्यामन्त्री भानुभक्त ढकालले कोरोनाको संक्रमण भएका सम्पूर्ण बिरामीको उपचारको जिम्मा सरकारले लिने बताएका छन् । प्रेस काउन्सिल नेपाल र स्वास्थ्य तथा जनसंख्या बिहीबार मन्त्रालयले संयुक्त रूपमा आयोजना गरेको 'कोरोना भाइरस संक्रमण र मिडियाको भूमिका' विषयमा सचेतनामूलक कार्यक्रममा बोल्दै कार्यक्रमका प्रमुख अतिथि रहेका मन्त्री ढकालले यस्तो बताएका हुन् ।

उनले सबै प्रदेशमा भाइरस परीक्षणको व्यवस्था गरिने र कोरोना संक्रमण भएको पाइएमा बिरामीको जिम्मा सरकारले लिने स्पष्ट पारे । उनले भने, 'रगत परीक्षणपछि कोरोना संक्रमणको पुष्टि भएमा यसको प्रबन्ध सरकारले मिलाउँछ ।'

मन्त्री ढकालले निजी क्षेत्रका अस्पतालमा उपचारको व्यवस्था भए पनि पहिलो प्राथमिकता सरकारी अस्पताल नै रहेको बताए । उनले निजी अस्पतालहरूको प्रयोग विदेशी नागरिक तथा कूटनीतिक नियोग र अन्य व्यक्तिहरूका लागि गरिने जानकारी दिए ।

कार्यक्रममा सभापतिको आसनबाट बोल्दै प्रेस काउन्सिल नेपालका कार्यवाहक (कावा) अध्यक्ष किशोर श्रेष्ठले सही सूचना प्रवाह गर्न आग्रह गरे । आचारसंहिता उलंघन गर्ने काम नगर्न आग्रह गर्दै कावा अध्यक्ष श्रेष्ठले कोरोनाविरुद्धको लडाइँ आफ्नो जीवनसँग पनि जोडिएकाले गलत प्रचार नगर्न आग्रह गरे ।

'कोरोनाविरुद्धको युद्ध आफ्नै जीवनसँग जोडिएको युद्ध हो । त्यसैले गलत प्रचार गर्दा त्यो हतियारको निशाना सोझिएर आफूतिरै पनि आउन सक्छ', उनले भने । उनले गलत सूचना सम्प्रेषण गरेर भ्रम फैलाउँदा पत्रकारिताप्रति वितृष्णा र पाठकप्रति अन्याय हुने भएकाले प्रेस काउन्सिल अब चुप लागेर नबस्नेसमेत प्रष्ट पारे । 'कोरोनाबारे कतिपय सञ्चारमाध्यमले प्रकाशित गरेका फेक समाचारले त्रासको अवस्था सिर्जना गरेको छ,' श्रेष्ठले अगाडि थपे, 'प्रेस काउन्सिल अब चुप लागेर बस्दैन । कठोर बन्दैछ ।एक्सनमा उत्रन्छ ।'

कार्यक्रममा स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. विकास देवकोटाले परीक्षणका क्रममा कोरोना संक्रमण फेला परे त्यसलाई लुकाउनु पर्ने कुनै कारण नभएको प्रष्ट पारे । हात धोएर घरमै बसेमा कोरोनाबाट बच्न सकिने उनले बताए । आफू संक्रमणबाट जोगिएर परिवारसँगै अन्यलाई पनि जोगाउन उनले आग्रह गरे ।

त्यसैगरी, टेकु प्रयोगशालाकी प्रमुख डा. रोना झाले हालसम्म ५ सय ९९ जनामा परीक्षण गर्दा कसैमा पनि संक्रमण नदेखिएको बताइन् । परीक्षणका लागि नमूना लिइएको ७२ घण्टाभित्र परीक्षण गरी सक्नुपर्ने उनको भनाइ छ । परीक्षणमा ६ देखि ८ घण्टा लाग्ने उल्लेख गर्दै उनले एउटा परीक्षणका लागि मात्रै ४ जना कर्मचारी चाहिने जानकारी दिइन् । देशबाहिर परीक्षण गराउनभन्दा देशभित्रैका विकट स्थानबाट नमूना ल्याउन असहज रहेको उनको भनाइ छ ।

कार्यक्रममा स्वास्थ्य राज्यमन्त्री नवराज रावत, नेपाल पत्रकार महासंघको उपाध्यक्ष विपुल पोखरेल, न्यूनतम पारिश्रमिक समितिका अध्यक्ष राजेन्द्र अर्याललगायतले पत्रकारले त्रास नफैलाएर सचेतना फैलाउनुपर्नेमा जोड दिएका थिए । काउन्सिल सदस्य गोविन्द चौलागाईले सञ्चालन गरेको कार्यक्रममा काउन्सिलका अर्का सदस्य चेतनाथ धमलाले स्वागत मन्तव्य राखेका थिए ।

## 'आचारसंहिताप्रति प्रतिबद्ध बनौं'

**काठमाडौं/मस-**प्रेस काउन्सिल नेपालले पत्रकार आचारसंहिता २०७३ को पहिलो संशोधन २०७६ को पाँचौं दफा अध्ययन गर्न आग्रह गरेको छ ।

पछिल्लो समय तथ्यहीन सामग्रीहरू प्रकाशन तथा प्रसारण भएको भन्दै काउन्सिलले पत्रकार आचारसंहिताप्रति प्रतिबद्ध बन्न पनि आम सञ्चारकर्मीहरूलाई अनुरोध गरेको हो ।

उक्त दफामा 'पत्रकार तथा सञ्चारमाध्यमले व्यक्तिको स्वास्थ्य, महामारीलगायत जनस्वास्थ्यसँग सरोकार रहने विषयसम्बन्धी सामग्री पाठक, स्रोता वा दर्शकमा उत्तेजना वा निराशा उत्पन्न हुनेगरी अतिरञ्जित तवरमा कोही कसैका बारेमा पनि सम्प्रेषण गर्नुहुँदैन' भन्ने उल्लेख छ ।

काउन्सिलले बिहीबार विज्ञप्ति जारी गरी नोवेल कोरोना भाइरसका कारण यतिबेला त्रासमा रहेको अवगत गराउँदै यस्तै जटिल अवस्थामा केही मिडिया र सामाजिक सञ्जाल प्रयोगकर्ताबाट हल्ला, अनुमान र खेलाँचीको शैलीमा तथ्यहीन, पुष्टि नभएका र एकपक्षीय सूचना सम्प्रेषण हुने गरेको उल्लेख गरेको छ ।

काउन्सिलद्वारा जारी विज्ञप्तिमा संयमित हुनुपर्ने घडीमा जिम्मेवारीवोधको समेत ख्याल नगरी समाचार सम्प्रेषित भएकोप्रति गम्भीर ध्यानाकर्षण भएको जनाइएको छ ।

# सीमा नाकामा कडाई गर्दै सरकार



**काठमाडौं/मस-** भारतीय नाकाहरुबाट कोरोना भाइरस (कोभिड –१९) को उच्च जोखिम रहेको निष्कर्ष निकाल्दै गृहमन्त्रालयले सीमामा कडाई गर्ने भएको छ । बिहीबार गृहमन्त्रालयमा बसेको राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन कार्यकारी समिति बैठकले खुला सीमानाका कारण भारतबाट कोरोनाको उच्च जोखिम रहेको निष्कर्ष निकाल्दै सीमामा कडाई गर्ने भएको हो ।

चीनमा कोरोनाको संक्रमणका नयाँ विरामीको संख्या कम हुँदै गएको र भारततर्फ तिव्र गतिमा संक्रमण फैलिएको भन्दै कार्यकारी समिति बैठकले सीमामा उच्च सतर्कता अपनाउने निर्णय पनि गरेको हो । कोरोनाको वस्तुस्थिति, पूर्व तयारी र प्रतिकार्य योजना सम्बन्धमा छलफल गर्न बसेको बैठकले भारतमा तिव्र गतिमा फैलिरहेको कोरोनाको प्रभाव नेपालमा पनि पर्न सक्ने तर्फ सचेत रहनुपर्ने र सीमा नाकामा हुने चेकजाँचलाई थप कडाई जनाएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले चेकजाँचमा कडाई गरी नेपालभित्र प्रवेश गनै गर्न नदिने योजनाका साथ अगाडी बढ्ने विषयमा बैठकमा छलफल भएको बताए ।

अहिले मुख्य ४ वटा नाकाहरु मात्रै खुला गरिएको भएपनि रोजगारीका लागि सुदूरपश्चिम र कर्णाली प्रदेशबाट भारत जाने/आउनेहरुको संख्या धेरै रहेकाले सीमानाकामा चेकजाँचमा कडाई गर्ने निर्णय गरिएको हो । बैठकले हेल्थ डेस्कहरुलाई थप प्रभावकारी बनाउने तयारी पनि गरेहेको उनले बताए ।

अनर्गल प्रचार गर्ने र अफवाह फैलाउनेलाई कडा कारवाही गर्न सबै जिल्ला प्रशासन कार्यालयहरुलाई निर्देशन पनि दिइएको छ । अफवाह फैलाउने र अनर्गल प्रचार गरेमा १ लाख गर्ने निर्णय गरेको छ । भने जरिवाना र ६ महिना कैद हुने व्यवस्था रहेको छ । बैठकमा मालपोत कार्यालय तथा विद्युत प्राधिकरण लगायत राजस्व बुझाउन सेवाग्राहीको भीड हुने कार्यालयहरु समेत केही समय बन्द गर्ने विषयमा छलफल भएको छ ।

# उच्चस्तरीय राष्ट्रिय सुरक्षा तालिम सम्पन्न

काठमाडौं/मस- रक्षा मन्त्रालय र नेपाली सेनाले संयुक्त रुपमा शिवपुरीस्थित सैनिक कमाण्ड तथा स्टाफ कलेजमा आयोजना गरेको उच्चस्तरीय राष्ट्रिय सुरक्षा तालिम बिहीबार सम्पन्न भएको छ । गत फागुन १९ गतेदेखि सञ्चालित उक्त तालीममा राष्ट्रिय सुरक्षाका सबै आयाममा प्रशिक्षण दिइएको थियो ।

तालिममा नेपाल सरकारका विभिन्न निकायका पदाधिकारी तथा नेपाली सेनाका र सुरक्षा निकायका गरी २२ जना सहभागी थिए । तालिम समापन गर्दै स्टाफ कलेजका शिक्षाध्यक्ष उपरथी ईश्वर हमालले प्राप्त ज्ञान र सीपबाट राष्ट्रिय सुरक्षा नीति निर्माण तथा कार्यान्वयनमा सहज हुने विश्वास व्यक्त गरे ।

# पासो लगाएर गाईको हत्या

डडेलधुरा/रासस- डडेल्धुराको गन्यापधुरा गाउँपालिका-१ मा ग्याबिन तारले पासो लगाएर गाईको हत्या गरिएको छ । सामुदायिक वनको भिरालो क्षेत्रमा झुण्ड्याएर मारिएको अवस्थामा आधा दर्जनभन्दा बढी गाईको शव भेटिएको हो ।

देउपाल सामुदायिक वनको गैरी इजर भन्ने ठाउँमा करिब एक साताअघि गाईको हत्या गरिएको हुनसक्ने प्रहरीको प्रारम्भिक अनुमान छ । घटनास्थलमा प्रहरीको टोली पुगेर अनुसन्धान शुरू गरेको छ । पाँचवटा गाई रुखमा झुण्ड्याइएको अवस्थामा र एउटा गाईको बङ्गारा भेटिएको छ भने गाई मार्नका लागि बनाइएको ग्याबिन तारको दुईवटा खाली पासो भेटिएका छन् ।

मारिएका गाई दुई वर्षभित्रका रहेको भेटेनरी अस्पताल तथा पशुसेवा विज्ञकेन्द्र डडेल्धुराका पशुसेवा प्राविधिक शेरबहादुर थापाले जानकारी दिए । मरेका गाईहरुलाई स्याल, कुकुर तथा गिद्धलेसमेत खाएको अवस्थामा देखेपछि स्थानीयवासीको जानकारीको आधारमा घटना बिहीबार सार्वजनिक भएको हो ।

गाईलाई कसले र किन पासो लगाएर मारेको हो भन्ने विषयमा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय, डडेल्धुराले जनाएको छ । घटनास्थलमा पुगेको प्रहरी टोलीले सात वटा गाईको पासो लगाएर हत्या गरिएको प्रारम्भिक अनुमान छ । बिहीबार बिहान स्थानीय प्रहरी, प्रशासन, जनप्रतिनिधि, पशुसेवा प्राविधिक र सञ्चारकर्मीको टोलीले गौहत्या गरिएको क्षेत्रको स्थलगत निरीक्षणसमेत गरेका छन् ।

प्रहरीले सामूहिक गौहत्याको अनुसन्धान शुरु गरिएको र हत्यामा संलग्न व्यक्तिको खोजी थालिएको डडेल्धुराका प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले जानकारी दिए ।

# 'कोभिड-१९' संक्रमण रोक्न कामपाको १० करोडको कोष

**काठमाडौं/मस-** विश्वभर महामारीको रुपमा फैलिएको 'कोभिड-१९' को सङ्क्रमण, रोकथाम तथा नियन्त्रणका लागि काठमाडौं महानगरपालिकाले रु १० करोडको 'आकस्मिक कोष' स्थापना गर्ने भएको छ । बिहीबार बसेको विशेष कार्यपालिका बैठकले यस्तो निर्णय गरेको हो । कामपाका प्रमुख विद्यासुन्दर शाक्यले उक्त कोषबाट भाइरस रोकथाम तथा नियन्त्रणका लागि तत्काललाई साना, मझौला र ठूला वडामा क्रमशः रु दुई लाख, रु तीन लाख र रु चार लाखका दरले निकाशा पठाउने निर्णय गरेको जानकारी दिए ।

'कोरना भाइरस रोकथाम तथा नियन्त्रण एवं डेङ्गु रोग नियन्त्रणका लागि नेपाली तथा नेपाल भाषामा पर्चा, पम्पेल्ट, ब्यानरजस्ता प्रचार सामग्री निर्माण एवं वितरण गर्ने निर्णय पनि भएको छ,' प्रमुख शाक्यले भने, 'विभिन्न स्थानमा स्वास्थ्यजनशक्ति, स्वास्थ्य सामग्री, प्रचार सामग्रीसहितको हेल्प डेक्स स्थापना तथा सञ्चालन गरिनेछ भने महागरपालिकास्थित मठ, मन्दिर, मस्जिद, गुम्बाजस्ता धार्मिक, सामाजिक सम्पदा क्षेत्रमा भीडभाड नगर्न सर्वसाधारणलाई अनुरोध गर्ने निर्णय पनि बैठकले गरेको छ ।'

कारोना रोकथाम तथा नियन्त्रण सम्बन्धी कार्य प्रभावकारी ढङ्गले सञ्चालन गर्न कामपा जनस्वास्थ्य महाशाखाअन्तर्गत 'फोकल प्वाइन्ट'को रुपमा २४ सै घण्टा हेल्फ डेक्स सञ्चालन गर्ने पनि जानकारी दिए । स्तरीय विपद् व्यवस्थापन समितिलाई क्रियाशील बनाउनेजस्ता निर्णय पनि बैठकले गरेको छ । सङ्घीय सरकारले गरेको निर्णय कार्यान्वयन गर्न/गराउन सम्बन्धित विभाग/महाशाखा/शाखालाई निर्देशन गर्ने, उपप्रमुखको नेतृत्वमा रहेको अनुगमन समितिलाई कालोबजारी नियन्त्रणका लागि प्रभावकारी ढङ्गले परिचालन गर्ने जनाइएको छ ।

# ३० हजार घुससहित श्रेस्तेदार पक्राउ

**कास्की/मस-** अख्तियार दुरुपयोग अनुसन्धान आयोग पोखराले कास्की जिल्ला अदालतका श्रेस्तेदार लोकनाथ पराजुलीलाई घुस रकम सहित नियन्त्रणमा लिएको छ । आयोगको टोलीले बुधबार राति मुद्दाका एक पक्षसँग रु ३० हजार घुस लिइरहेको अवस्थामा पराजुलीलाई पोखरा-५ पर्स्याङस्थित एक पसलबाट पक्राउ गरेको हो ।

आयोगका सूचना अधिकारी मेघनाथ रिजालले श्रेस्तेदार पराजुलीलाई एक मदिरा पसलबाट अख्तियारको टोलीले घुस रकमसहित नियन्त्रणमा लिएको पुष्टि गर्दै उनीमाथि थप अनुसन्धान भइरहेको जानकारी दिए ।

सङ्गठित अपराधसम्बन्धी मुद्दामा पक्राउ परेका अभियुक्तको गाडी छुटाइदिने भन्दै श्रेष्तेदार पराजुलीले घुस मागेको बताइएको छ । शुरुमा रु ५० हजार मागेका उनले छलफलका क्रममा रु ३० हजारमा कुरा मिलाएर सो रकम बुझेको स्रोतले जनाएको छ । श्रेस्तेदार पराजुलीको सर्वोच्च अदालतमा हालै सरुवा भइसकेको बताइन्छ ।

## वैदेशिक...

छन् । करार अवधि सकिएर पनि हाल मलेसियाका नै रहेका सिरहाका देवनारायण खत्वे भन्छन्, 'कामदारले रगत पसिना एक गरेर कमाएको रेमिट्यान्सबाट पालिएका देशको सरकारले विदेशबाट घर फर्किने कामदारलाई रोक्नु निन्दनीय छ । विपत्तिको बेला उचित हौसला दिन विशेष प्रवन्ध गर्नुपर्नेमा घर फर्किन नै रोक लगाउनु व्यवहारिक र कानूनी रूपमा पनि उचित छैन ।

यता, सरकारले वैदेशिक रोजगारीमा जानबाट रोकिएका युवायुवतीहरूलाई प्रधानमन्त्री रोजगार कार्यक्रममा आबद्ध भई रोजगारीमा संलग्न हुन आग्रह गरेको छ ।

मन्त्रिपरिषद्को बैठकबारे जानकारी दिन बिहीबार आयोजित पत्रकार सम्मेलनमा बोल्दै सञ्चारमन्त्री एवं सरकारका प्रवक्तासमेत रहेका अर्थमन्त्री डा. युवराज खतिवडाले भने, 'नागरिकको सुरक्षाको लागि वैदेशिक रोजगारी तत्कालका लागि नै स्थगित गरिएको हो, काम सानो, ठूलो हुँदैन, सबैले टेबलको काम नै गर्छु भन्नु भएन ।'

सुरक्षाका लागि नै विदेशिएका नेपालीहरूलाई पनि नेपाल आउन रोकिएको पनि अर्थमन्त्री डा. खतिवडाले बताए । वैदेशिक रोजगार बन्द हुँदा तत्कालका लागि विप्रेषणमा असर नपर्ने र त्यसका कारण वित्तीय संकट पनि आइनपर्ने डा. खतिवडाको भनाइ छ ।

## राष्ट्रिय...

चरणभन्दा अगाडि बढेको देखिँदैन । मुलुकको अर्थतन्त्रमा बहुआयामिक प्रभाव पार्ने भनी तोकिएका राष्ट्रिय गौरवका आयोजनाहरू सरकारी निष्क्रियताका कारण, कतिपय आयोजनाले आपसी समन्वयको अभावका कारण गति लिन सकेका छैनन् । सरकारले राष्ट्रिय गौरवको आयोजना तीव्र गतिमा अगाडि बढेको दाबी गर्दै आएको छ । तर, अहिलेसम्म सरकारी पक्षबाटै आयोजनाहरूको अनुगमन ठोस रूपमा भएको छैन ।

# चिडियाखाना आजदेखि बन्द हुने




**काठमाडौं/मस-** विश्वभर फैलिएको कोरोना भाइरस (कोभिड-१९) को संक्रमण रोक्ने तयारी अनुसार जावलाखेलस्थित सदर चिडियाखाना बन्द गरिने भएको छ । शुक्रबार (आज) देखि सर्वसाधारणले चिडियाखाना अवलोकन गर्न नपाउने भएका हुन् । चिडियाखाना व्यवस्थापन प्रमुख डा चिरञ्जीवीप्रसाद पोखरेलले भने, 'कोरना भाइरस सङ्क्रमणको डरले बन्द गरिएको हो । हरेक दिन तीन हजार अवलोकनकर्ता यहाँ अवलोकनका लागि आउने गरेका थिए ।' विद्यालयमा वार्षिक परीक्षा सकिएकाले विद्यार्थीको अवलोकनको मुख्य आकर्षण चिडियाखाना रहेकाले बन्द गरिएको उनले बताए ।

अवलोकनको लागि बन्द गरेपनि जीवजनावरको लागि खटिने कर्मचारी भने यहाँ नियमित आउनेछन् । हरेक दिन चिडियाखाना बिहान १० देखि साँझ ५ बजेसम्म अवलोकनका लागि सञ्चालन हुने गरेको थियो । हाल चिडयाखानासँग साथीको रूपमा सम्बन्ध स्थापित भएका २०० विद्यालएका पाँच हजार विद्यार्थी सहभागी हुँदै आएका छन् ।

हाल चिडियाखानामा ११९ प्रजातिका एक हजार ९८ वटा जीवजनावर रहेको छ । जहाँ मुख्य आकर्षणको रुपमा बाघ, भालु चितुवा, रेड पाण्डा (रातो हाब्रे) जस्ता जनावर छन् । ती प्रजातिमध्ये ३३ स्थनधारी ६१ चरा आठ उभयचर र १७ प्रजातिका माछा छन् । नेपालमा लोप हुन लागेको भनी सूचीकृत ३८ दुर्लभ वन्यजन्तुमध्ये १५ लाई चिडियाखानाले संरक्षण गरी प्रदर्शनीमा राखेको छ ।

पछिल्लो समय काठमाडौं उपत्यकामा कम हुँदै गएको खुला स्थान र जीवजनावर हेर्ने चाहनाका कारण चिडियाखानामा आउने अवलोककर्तामा कुनै कमी आएको छैन । अवलोकनका लागि विदेशीको लागि रु ७५० तथा दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन( सार्क) राष्ट्रका नागरिकका लागि रु ५०० नेपाली लाई १५० र नेपाली विद्यार्थी र ज्येष्ठ नागरिकको लागि रु ९० प्रवेश शुल्क तोकिएको छ ।

# कोरोनाविरुद्ध सबै एकजुट हुन राजपाको अपिल

**काठमाडौं/मस-** राष्ट्रिय जनता पार्टी (राजपा) नेपालले विश्वभरी नै तीव्र सङ्क्रमणको रुपमा फैलिरहेको कोभिड-१९ को सम्भावित जोखिमबाट सचेत भई चिकित्सकीय सल्लाह अनुसार जीवनयापन गर्न सम्पूर्ण नेपाली समुदायलाई हार्दिक अपिल गरेको छ ।

राजपा अध्यक्ष मण्डलका संयोजक शरतसिंह भण्डारीले बिहीबार एक विज्ञप्ति जारी गर्दै ढिलै भए पनि कोभिड १९ सङ्क्रमण, रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिद्वारा चैत ५ गते जारी भएका निर्णय सकारात्मक छन् भन्दै पार्टी समृद्ध सबै नेता कार्यकता र शुभेच्छुकलाई सतर्कतापूर्वक जोगिन र सुरक्षित तरिकाले सचेतना फैलाउने कार्यमा लाग्न आग्रह गरका हुन् ।

अहिले देशभरी नै कोरोनाको नाममा कृत्रिम अभाव सिर्जना गरी व्यापक कालोबाजरी भइरहेकाले तत्काल यस प्रकारको अमावनीय गतिविधिलाई रोकी दोषीलाई कडाभन्दा कडा कारवाही गर्न राजपाले सरकारसमक्ष जोडदार माग गरेको छ । राजपाले कोरोनाले पूरै विश्वभरीको अर्थतन्त्रलाई प्रभाव पारेकाले अहिले कलकारखाना पर्यटन व्यवसायी, उद्योगलगायत सबै प्रकारको व्यवसाय बन्द हुने अवस्थामा रहेको भन्दै विशेष प्याकेजको घोषणा गरी ऋणिहरुको केही महिनाको ब्याज मिनाहा गराउनसमेत सरकारसँग आग्रह गरेको छ ।

# श्रीमती हत्याको अभियोगमा पक्राउ

**बागलुङ/मस-** श्रीमतीलाई हत्या गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । बागलुङ जिल्लाको ढोरपाटन नगरपालिका-७ गाल्डुङका ६२ वर्षीय देवीराम विकलाई इलाका प्रहरी कार्यालय बुर्तिवाङको टोली बिहीबार बिहान उनकै घरबाट पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय बागलुङले जनाएको छ । बुधबार राति नौ बजेको समयमा ५० वर्षीया श्रीमती गौरा विकलाई घरायसी झगडाका कारण फलामको गैची प्रहार गरी हत्या गरेको अभियोगमा देवीराम विकलाई पक्राउ गरेको बागलुङका प्रहरी प्रमुख नवराज भट्टले जानकारी दिए । मादक पदार्थ सेवन गरेका देवीरामले सामान्य विवाद उत्पन्न भएपछि आवेगमा आएर श्रीमतीलाई गैची प्रहार गर्दा घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । हत्या भएकी श्रीमती गौरा विकको शव बुहारी कल्पना विकलाई प्रहरीले जिम्मा लगाएको छ ।

# त्रिविका सम्पूर्ण परीक्षा स्थगित



**काठमाडौं/मस-** त्रिभुवन विश्वविद्यालयले शुक्रबार (आज)देखि सञ्चालन हुने सबै परीक्षा स्थगन गर्ने निर्णय गरेको छ। त्रिवि कार्यकारी परिषद्को बैठकले अर्को सूचना जारी नहुँदासम्म सबै परीक्षा स्थगन गर्न केन्द्रीय परीक्षा सञ्चालक समिति र सम्बन्धित डीन कार्यालयलाई निर्देशन दिएको त्रिविका कार्यवाहक शिक्षाध्यक्ष प्राडा शिवलाल भुसालले जानकारी दिए।

'सरकारले नै कोभिड-१९ को संक्रमण जोखिमका कारणले सबै परीक्षा स्थगन गर्ने भनेपछि हामीले पनि स्थगन गरेका हौं,' उनले भने, 'शुक्रबारदेखि सञ्चालन हुने सबै परीक्षा स्थगन गरेका छौं।' त्रिविले बिहीबार पूर्वनिर्धारित परीक्षा भने सञ्चालन गरेको थियो।

परिषद् बैठकले त्रिवि अन्तर्गतका सम्पूर्ण आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसको पठन-पाठन पनि आजदेखि चैतमसान्तसम्म बन्द गर्ने निर्णय गरेको हो। हिउँदे/ वर्षे बिदा पाउने शिक्षक/कर्मचारी/ विद्यार्थीलाई आगामी वर्ष बिदाबाट मिलाउने गरी निर्णय गरेको कार्यवाहाक शिक्षाध्यक्ष प्राडा. भुसालले जानकारी दिए। त्रिविका सेवा आयोगका अन्तर्वाता र परीक्षाका कार्यक्रम सम्बन्धमा सेवा आयोगले सूचना प्रकाशित गरी जानकारी गराउने निर्णय समेत भएको छ।

उनका अनुसार बैठकले त्रिविका नियमित प्रशासनिक कामहरु यथावत रुपमा सञ्चालन गर्ने, कार्यालयमा साबुन पानी र सेनिटाइजरको व्यवस्था गरी आवश्यक सावधानीका उपाय अपनाउन समेत सम्बन्धित निकायलाई निर्देशन दिने, कोभिड-१९ सङ्क्रमण, रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिले २५ जनाभन्दा बढी संख्यामा भेला नहुने सूचना जारी गरेको हुँदा सोही अनुसार क्याम्पसका छात्रावासमा आवश्यक व्यवस्था मिलाउने सम्बन्धित क्याम्पसलाई निर्देशन दिने निर्णय गरेको छ।

त्रिविका परीक्षा नियन्त्रण कार्यालयका परीक्षा नियन्त्रक पुष्पराज जोशीले स्थगन गरिएका परीक्षाका प्रश्नपत्र सुरक्षित राखिने बताए। उनले उपत्यका बाहिरका क्याम्पसमा पठाइएको प्रश्नपत्र प्रहरी कार्यालयमा राखिने बताए।

त्रिविको त्रिविअन्तर्गतको स्नातकोत्तर प्रथम वर्षको आङ्शिक परीक्षा आगामी चैत ७ गतेदेखि, स्नातकोत्तर तह चौथो सेमेस्टरको चैत ८ गतेदेखि, स्नातकोत्तर दोस्रो सेमेस्टरको चैत २२ गतेदेखि, शिक्षा शास्त्रको एकवर्षे बिएड चैत ९ गतेदेखि, स्नातक तहको कानून संकायको दोस्रो तहको परीक्षा चैत १४ गतेदेखि शुरु गर्ने तालिका तय गरेको थियो।

## लोकसेवा आयोगको परीक्षा स्थगित

लोकसेवा आयोगले परीक्षा स्थगन गरेको छ। आयोगका उपसचिव एकनारायण शर्माले कोभिड-१९ को संक्रमणका कारण आयोग पदाधिकारीको बैठकले यही चैत ८ गतेदेखि सञ्चालन हुने सबै परीक्षा चैत मसान्तसम्म स्थगन गर्ने निर्णय गरेको जानकारी दिए।

यसअघि सरकारले बुधबार माध्यमिक शिक्षा परीक्षा (एसइई) र विश्वविद्यालयका सम्पूर्ण परीक्षा स्थगन गरेको छ। 'कोभिड-१९ ले सिर्जना गरेको स्वास्थ्य सुरक्षा संवेदनशीलतालाई मध्यनजर गरी हाललाई यही चैत ८ देखि चैत मसान्तसम्म आयोगद्वारा सञ्चालन हुने गरी पूर्वनिर्धारित निजामती सेवा, सुरक्षा निकाय र सङ्गठित संस्थानतर्फ लिखित परीक्षाका कार्यक्रम अर्को सूचना प्रकाशन नभएसम्मका लागि स्थगन गरिएको छ,' शर्माद्वारा जारी विज्ञप्तिमा भनिएको छ।

### गौरीशंकर गाउँपालिकाको स्वागतयोग्य कार्य

# एसईईका विद्यार्थीलाई घर-घरमै पुऱ्याइदिने

**राजन बस्नेत/मध्यान्ह**
दोलखा ६ चैत



दोलखाको गौरीशंकर गाउँपालिकाले माध्यमिक शिक्षा परीक्षा (एसईई) दिन परीक्षा केन्द्र पुगेका परीक्षार्थीलाई घरघरमै पुऱ्याइदिने व्यवस्था गरेको छ। बिहीबार बिहान बसेको गाउँपालिकाको आकस्मिक बैठकले आफ्नो गाउँपालिकामा रहेको हलेश्वर उच्च मावि केन्द्रमा परीक्षा दिन आएका पाँच विद्यालयका १३० जना विद्यार्थीलाई घर पुऱ्याउने निर्णय गरेको हो।

अर्को विद्यालयमा परीक्षा दिन पुगेका हलेश्वर उच्च माविका विद्यार्थीहरुलाई पनि गाउँपालिकाले नै ल्याउने व्यवस्था गरेको गाउँपालिकाले जनाएको छ। आफ्नो विद्यार्थी ल्याउन तथा आफ्नो गाउँपालिकामा परीक्षा दिन आएका टाढाका परीक्षार्थीलाई लागेको यातायात खर्च गाउँपालिकाले नै व्यवहोर्ने निर्णय गरेको गाउँपालिकाकी उपाध्यक्ष उर्मिला थामीले जानकारी दिइन्।

गौरीशंकर गाउँपालिकास्थित हलेश्वर उच्च माविका विद्यार्थीको केन्द्र बिगु गाउँपालिकाको गौरीशंकर मावि जगतमा केन्द्र परेको थियो। हलेश्वरका शिक्षक रामकृष्ण खत्रीका अनुसार आफ्नो विद्यालयको विद्यार्थीलाई विद्यालयले नै व्यवस्था गरेर बस्ने प्रबन्ध गरेको थियो।

बिगु गाउँपालिका र केन्द्र परेको विद्यालसँग सल्लाह गरेर विद्यार्थीलाई सहज हुने गरी एक कोठामा ३ वा ४ जना बस्ने गरी सिंगै घर परीक्षा अवधिभरिका लागि लिइएको थियो। हलेश्वरका ३० जना विद्यार्थी बिगु गाउँपालिकामा गौरीशंकर मावि जगतमा पुगेका थिए, उनीहरुलाई ल्याउने यातायात खर्च गाउँपालिकाले नै व्यहोर्ने उपाध्यक्ष थामीले मध्यान्हलाई जानकारी दिइन्।

बिहीबारबाट सुरु हुने भनिएको एसईई परीक्षा स्थगित भएपछि परीक्षामा सहभागी हुनका लागि तयार भएका विद्यार्थीहरू निराश भएका छन्। विषेशगरी परीक्षा केन्द्रको नजिक डेरा लिएर बसिसकेका विद्यार्थीहरूले तयारी अनुसार परीक्षामा सहभागी हुन नपाएको भन्दै दुखेसो समेत पोखे।

परीक्षामा सहभागी हुने तयारी अनुसार कोठा भाडामा बसिसकेको अवस्थामा अन्तिममा आएर परीक्षा रोकिएको समाचार सुन्दा निकै पिर लागेको कालिन्चोक मा.वि.की छात्र मोनालिसा भन्डारीले बताइन्। त्यस्तै सर्ब मा.वि जिलुकी छात्र प्रीति श्रेष्ठले परीक्षा हुनु भन्दा एक हप्ता अगाडि सरकारले यस्तो निर्णय गरेको भए आफुहरुले दोहोरो दुःख खेप्नु नपर्ने बताइन्।

दोलखाको ग्रामिण क्षेत्रमा रहेका परीक्षा केन्द्रमा पुगिसकेका उत्तर पुस्तिका र प्रश्नपत्रको कसरी सुरक्षा गर्ने भन्ने विषयमा समस्या हुने शिक्षा विकास तथा समन्वय इकाई दोलखाका प्रमुख शंकरबाबु श्रेष्ठले बताए।

दोलखाको सन्दर्भमा प्रश्नपत्र र उत्तर पुस्तिका सबै सम्बन्धित परीक्षा केन्द्रमा पुगिसकेका कारण त्यसको सुरक्षाका लागि सम्बन्धित प्रहरी चौकीहरूको सहयोग लिनु भनेर परीक्षा केन्द्रका केन्द्राध्यक्षलाई निर्देशन भए पनि भौगोलिक कठिनाइका कारण केही समस्या भइरहेको प्रमुख श्रेष्ठको भनाइ छ।

## प्रेस युनियनको महाधिवेशन स्थगित

**काठमाडौं/मस-** नेपाल प्रेस युनियनको यही चैत २१ र २२ गते नेपालगञ्जमा निर्धारण गरिएको नवौं महाधिवेशन स्थगन गरिएको छ। युनियन केन्द्रीय सचिवालयको बिहीबार बसेको बैठकले विश्वभर 'कोभिड-१९' को संक्रमण फैलिरहेको र नेपालमा पनि सम्भावित संक्रमणलाई लिएर सरकारले तत्काल सभा, सम्मेलन नगर्नू भनी जारी गरेको सूचनाअनुसार महाधिवेशन स्थगन गर्ने निर्णय गरेको हो।

'कोभिड-१९' को सम्भावित संक्रमणलाई लिएर नेपाल सरकारले तत्काल कुनै पनि सभासम्मेलन नगर्न र सार्वजनिकस्थलमा २५ जनाभन्दा बढी भेला हुन रोक लगाएको सूचना जारी गरेको थियो। कोरोना भाइरसको संक्रमण मुलुकमा सामान्य भई सरकारले सभा, सम्मेलन आयोजना गर्न स्वीकृति प्रदान गरेपछि छिट्टै नवौं महाधिवेशनको मिति र स्थान निर्धारण गरिने अध्यक्ष बद्री सिग्देलले जानकारी दिए।

साथै युनियनले कोरोना भाइरसको सम्भावित संक्रमणबाट सजग र सतर्क रहन तथा सर्वसाधारणलाई सचेतनाका लागि सहयोग गर्न मुलुकभरका युनियनकर्मीलाई आह्वान गरेको छ।

नेपाल प्रेस युनियन

# २५ जनाभन्दा बढी भएपछि समितिको बैठक स्थगित



**काठमाडौं/मस-** 'संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्ध व्यवस्थित गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५' माथि छलफलका लागि बिहीबार बसेको प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समितिको बैठक स्थगन भएको छ। कोरोना भाइरस (कोभिड-१९) को रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको बुधबारको निर्णयानुसार २५ जनाभन्दा बढी भेला हुन नहुनेमा सहभागी संख्या बढी भएको भन्दै सांसदहरुले प्रश्न उठाएपछि बिहीबारको बैठक केहीबेर चलेर स्थगन गरिएको हो।

समितिले बुधबार गरेको निर्णय नं ३ मा अत्यावश्यक काम बाहेक आवातजावत हिँडडुल नगर्न, सांस्कृतिक, सामाजिक कार्यक्रमहरु नगर्न र त्यस्तै कार्यहरु पार्टी प्यालेस, मठ-मन्दिर, गुम्बा, मस्जिद, चर्चजस्ता धार्मिक र सार्वजनिक स्थलहरुमा २५ जनाभन्दा बढी भेला हुन बन्द गर्ने र उक्त विषयको अनुगमन गृह र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले गर्ने उल्लेख छ।

बैठकको शुभारम्भमै नेपाली काँग्रेसका सांसद दिलेन्द्रप्रसाद बडूले सरकारको उच्चस्तरीय समन्वय समितिले समेत रोगको रोकथामका लागि भनेर भेला हुन रोक लगाएको अवस्थामा बैठक बसिरहनुको औचित्य नहुने बताएका थिए। समितिका सभापति शशी श्रेष्ठले त्यसप्रति गम्भीर ध्यानाकर्षण भएको जनाउँदै पूर्व निर्धारित कार्यक्रम भएको र संसद् स्थगित नभएको अवस्था रहेको भन्दै बैठक सञ्चालन गरेकी थिइन्।

त्यसपछि उक्त विधेकमाथि संसोधन प्रस्ताव प्रस्तुत गर्ने नेपाली कांग्रेसका सांसद पुष्पा भुषाल र नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का सांसद विन्दा पाण्डेले संशोधन प्रस्ताव राख्नुको कारणबारे समितिमा जानकारी गराएका थिए। उनीहरुले गम्भीर प्रकृतिको विधेयक भएकाले विधेयकको हरेक दफाको छलफल गर्नुपर्ने सुझाव प्रस्तुत गरेका थिए।

समितिको बैठकमा ४० जना भन्दा बढी भएपछि फेरि जरुरीको विषय भन्दै सांसद बडूले बैठक सञ्चालन गरिरहँदा सरकारको निर्णय विरुद्ध हुने भन्दै पुनः समितिको ध्यानाकर्षण गराएका थिए। उनको भनाइमा अन्य केही सांसदहरुले समर्थन जनाएका थिए। त्यसलगत्तै समितिका सभापति श्रेष्ठले बैठक स्थगन भएको घोषणा गरेकी थिइन्। उक्त विधेयक विसं २०७६ वैशाख ४ गते राष्ट्रियसभामा दर्ता भएको थियो। राष्ट्रियसभाको प्रतिवेदनसहित विधेयक प्रतिनिधिसमामा दफावार छलफलका लागि आएको छ।

## आकृतिको हत्यारा पक्राउ

**इलाम/मस-** इलाम सूर्योदय नगरपालिकाकी-१७ वर्षीया आकृति राईको हत्यारालाई पक्राउ गरिएको छ। आकृतिको हत्या गर्ने छिमेकी रोशन राईलाई प्रहरीले पक्राउ गरेको हो। जिल्ला प्रहरी कार्यालय इलाममा बिहीबार पत्रकार सम्मेलन गर्दै हत्यारा सार्वजनिक गरिएको हो।

गत मङ्गलबार कक्षा-११ को जाँच दिन विद्यालय हिँडेकी आकृतिलाई बलात्कार गरेर जङ्गलमा लगी हत्या गरेको रोशनले बयान गरेको इलामका प्रहरी प्रमुख हीराबहादुर पाण्डेले जानकारी दिए। आकृतिको हत्या गरेर माटोमा गाडेको अवस्थामा शव फेला परेको थियो। सूर्योदय नगरपालिका-१३ स्थित पोखरी (किराँत टोल) का पूर्णबहादुर राईकी छोरी आकृति स्थानीय ज्योति मावि कक्षा ११ मा अध्यनरत थिइन्।

युवती मङ्गलबार बिहान घरबाट परीक्षा लेख्न भनी हिँडेको तर विद्यालय नपुगेपछि खोजतलास शुरु गरिएको थियो। बुधबार दिउँसो अम्रिसो बारीमा शव फेला परेपछि स्थानीयवासीले प्रहरीलाई खबर गरेका थिए। प्रहरीले घटनाको मुचुल्का उठाएर शव निकालेको थियो। शव परीक्षणका लागि बिपी स्वास्थ्य प्रतिष्ठान धोपा धरान पठाइएको छ।

प्रहरी सामु रोशनले बलात्कार गरेको घटना सार्वजनिक गर्छु भनेपछि आकृतिलाई हत्या गरेको खुलाएका छन्। ढुङ्गाले टाउकोमा प्रहार गरेर हत्या गरेको र आफ्नै गाई बाँध्ने गोठ नजिकै रहेको अम्रिसो बारीमा गरेर खाल्डो खनेर गाडेको रोशनको बयान उद्दृत गर्दै प्रहरी प्रमुख पाण्डेले बताए। शवलाई प्लाष्टिकको बोरामा राखेर माटोमा गाडिएको अवस्थामा फेला पारिएको थियो।

# सर्वोच्च अदालतमा आज मुद्दाको सुनुवाइ नहुने




**काठमाडौं/रासस-** सर्वोच्च अदालतले विश्वभरि नै फैलिरहेको कोभिड-१९ को सम्भावित संक्रमणबाट बच्न पूर्ण बैठक बस्ने तय गर्दै शुक्रबार (आज) मुद्दाको सुनुवाइ स्थगन गरेको छ। सर्वोच्च अदालतका सूचना अधिकारी देवेन्द्र ढकालका अनुसार कोरोनाको सम्भावित संक्रमणलाई न्यूनीकरण गर्ने उपायका बारेमा प्रधानन्यायाधीशसहित सम्पूर्ण न्यायाधीशको पूर्ण बैठक बस्ने तय भएको हुनाले शुक्रबार सुनुवाइ स्थगन गरेको हो।

शुक्रबार बिहान ११:०० बजे बस्ने तय भएको पूर्ण बैठकले अदालत बन्द गर्ने वा अतिआवश्यकबाहेक अरु बन्द गर्ने भन्ने विषयमा निर्णय गर्नेछ। यही चैत ४ नेपाल बार एशोसिएसनले विश्वभरि नै कोभिड-१९ फैलिरहेका अवस्थामा अत्यावश्यक कामबाहेक अन्य सेवा प्रवाह नगर्ने निर्णय गर्न सर्वोच्च अदालत समक्ष अपिल गरेको थियो।

बारले प्रेस विज्ञप्तिमा मानव स्वास्थ्य जस्तो संवेदनशील विषयमा गम्भीर भई कम्तीमा एक महिना सेवा प्रवाहमा कटौती गर्न अपिल गरेको थियो। अदालतले नियमित परीक्षण गरेर मात्र सेवा प्रवाह गर्न शुरु गर्ने व्यवस्था मिलाउनुपर्ने वा उक्त व्यवस्था गर्न नसकिएमा बन्दी प्रत्यक्षीकरणको अत्यावश्यकबाहेकको सेवा प्रवाह नगर्ने निर्णय गर्न बारले अपिल गरेको हो। अदालतसँग धेरै सेवाग्राहीको भीडभाड हुने र भीडभाडमा कोरोनाको संक्रमणको सम्भावना हुनेहुँदा सङ्क्रमणको सम्भावनालाई न्यूनीकरण गर्न माग गरिएको थियो। सर्वोच्च अदालत बार एशोसिएसनले यही चैत ४ गते नै आकस्मिक बैठक बसी कोरोना भाइरसको जोखिमलाई ध्यानमा राखी कम्तीमा तीन हप्ताका लागि अदालत बन्द गर्ने व्यवस्था मिलाउन अनुरोध गरेको थियो। सर्वोच्च अदालतले बारको अपिललाई ध्यानमा राख्दै शुक्रबारका लागि पूर्ण बैठक तय गरको हो। शुक्रबारका लागि सम्पूर्ण मुद्दाको सुनुवाइ बन्द गर्ने भएको छ।

# प्रदेशसभाको बैठक स्थगित

**विराटनगर/मस-** प्रदेश नं १ को प्रदेशसभाको बिहीबार बसेको बैठकमा सभामुख प्रदीपकुमार भण्डारीले अर्को सूचना नभएसम्म बैठक स्थगन भएको जानकारी दिएका छन्। प्रदेशसभाको चालू अधिवेशन २०७६ माघ २३ गतेदेखि शुरु भएर बिहीबार २२औं बैठक सम्पन्न भएपछि सभामुख भण्डारीले सो जानकारी दिएका हुन्।




प्रदेश वातावरण विधेयक पारित


चालू अधिवेशनमा सदन विभिन्न विधेयक पेश भए पनि आज 'प्रदेश वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६' सर्वसम्मतिले पारित भएको छ। प्रदेश नं १ को प्रदेशसभा नियमावली, २०७४ को नियम १०८ बमोजिम उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री जगदीशप्रसाद कुसियतले सो प्रस्ताव सदनमा पेश गरेका थिए।

प्रदेश १ का बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथिको सैद्धान्तिक छलफल बिहीबारदेखि समाप्त भएको छ। सैद्धान्तिक छलफलमा उठेका प्रश्नको जवाफ दिने क्रममा सामाजिक विकास राज्यमन्त्री जशमाया गजमेरले बालबालिकाको अधिकारलाई व्यवस्थित गर्न विधेयकले भरपूर मद्दत गर्ने बताए।

बालगृह, बालआवास तथा भ्रुण हत्याजस्ता विधेयकमा स्पष्ट व्यवस्था भएकाले प्रारम्भिक बालबालिकाको उमेर पाँच वर्ष कायम गरिएको उनले बताए। सैद्धान्तिक छलफलमा १० सदस्यले आ-आफ्नो धारणा राखेका थिए।

# भारतबाट कपिलवस्तु छिरेका २ जनामा कोरोना आशंका

**इमरान खान/मध्यान्ह**
कपिलवस्तु, ६ चैत



छिमेकी मित्रराष्ट्र भारतको उत्तर प्रदेशमा कोरोना संक्रमित बढिरहेका बेला त्यसको असर सीमा नाकामा पनि देखिन थालेको छ। भारतसँग खुला सीमा जोडिएको कपिलवस्तुमा प्रवेश गरेका २ जनामा कोरोना संक्रमणको लक्षण देखिएको आशंका भएपछि त्यसको असर सीमा नाकामा परेको हो।

तौलिहवा देखि ११ किलोमिटरको दुरीमा रहेको मर्यादपुरबाट नेपाल प्रवेश गरेका दुई जनामा जाँच गर्ने क्रममा उच्च ज्वरो सहित कोरोना संक्रमणको लक्षण देखिएको आशंका गरिएको छ। उनीहरुलाई क्वारेन्टाइन पठाउने तयारी भएको जिल्ला प्रहरी कार्यालय कपिलवस्तुले जनाएको छ।

प्रहरीका अनुसार उनीहरुलाई अहिले जिल्ला अस्पताल तौलिहवामा लगेर स्वास्थ्य जाँच गरिँदै छ। कपिलवस्तु प्रहरी उपरीक्षक दिप शमसेर जवराका अनुसार दुई जनामध्ये एक जना बेलायतबाट भारत हुँदै नेपाल फर्किएका हुन् भने अर्का एक जना पञ्जाबबाट नेपाल फर्किंदै गरेका थिए।

दुबैमा कोरोनाको लक्षण देखिएको आशंका गरिएपछि जिल्ला अस्पताल तौलिहवाले निमार्ण गरेको महेन्द्र आधारभुत प्रा.वि. तौलिहवाको क्वारेन्टाईनमा पठाउने तयारी भइरहेको जनाइएको छ। क्वारेन्टाईनमा १४ दिन राखेपछि मात्रै उनीहरुलाई आ-आफनो घर जान दिइने व्यवस्था मिलाउन लागिएको प्रहरी उपरीक्षक जबराले बताए।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस्।

कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.
G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# जिम्मेवारी बोध गरौं


पत्रकारिता जिम्मेवार पेसा हो । त्यसैले सरकारका तीन मुख्य अंग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकापछिको ठाउँ पत्रकारितालाई दिँदै चौथो अंग भन्ने गरिएको छ ।

चौथो अंग पत्रकारिताको मुख्य काम सूचनाको सम्प्रेषण गर्दै सरकारी तथा निजी क्षेत्रका काममा 'वाच डग' को भूमिका निर्वाह गर्नु हो । राणा शासनदेखि पञ्चायतको कालरात्रिसम्म झेलेर यहाँसम्म आएको पत्रकारिताका आफ्नै लामो इतिहास छ । यसले निरंकुश व्यवस्था ढालेर प्रजातन्त्र ल्याउनमा खेलेको भूमिका उल्लेखनीय छ । मिसन पत्रकारितापछि व्यवसायिक पत्रकारिताको अध्याय सुरू भएको छ । तर, व्यावसायिक पत्रकारिताको यात्रामा विकृत दृश्यहरू बढेर गएका छन् भन्दा अन्यथा हुँदैन । यसमा कान्छो र वैकल्पिक पत्रकारिताका रूपमा विकास भएको अनलाइन पत्रकारिता निकै आलोकाचो देखिएको छ । अनलाइन पत्रकारितामा बाढी आएको केही समयको दौरानमा पत्रकारिताको मूलभूत धर्म निर्वाह गर्न कतिपय अनलाइन चुकेका छन् । एक्कुरेसी, ब्यालेन्स र क्रेडिबिलिटी पत्रकारिताको मूल मर्म भए पनि अनलाइन पत्रिकाहरूमा यसको गुञ्जायस भेटिँदैन ।

पछिल्लो समय कोरोनाले विश्वमै त्रस्त बनेको छ । विभिन्न पेसा तथा व्यवसायीहरूले यसप्रति सजगता अपनाउँदै न्यूनीकरणमा योगदान दिइरहेका छन् । पत्रकारिताजस्तो जिम्मेवार पेसाको भूमिका यहाँनिर अहं हुनुपर्थ्यो । तर, छापा माध्यमको हकमा गुनासो गर्ने ठाउँ नभए पनि पत्रकारिताको मूल मर्म नबुझेका कतिपय अनलाइनका कारण तथ्यभन्दा तथ्यहीन सामग्रीहरू प्रकाशमा आइरहेका छन् । जसले आममानिसलाई विश्वस्त हुन नदिएर त्रसित बनाएको छ । सञ्चार माध्यमहरूको नियामकारी निकाय प्रेस काउन्सिल नेपाल पनि यसप्रति गम्भीर देखिएको छ । उसले पटक–पटक यस्ता विकृत पत्रकारिता नगर्न आग्रह गर्दै आएको छ । बिहीबार मात्रै पनि उसले एक विज्ञप्ति जारी जिम्मेवार ढंगले सूचना सम्प्रेषण गर्न आग्रह गरेको छ ।


पत्रकारिता उपार्जनको माध्यम नभएर जिम्मेवार पेसा भएकाले पहिले त यसको गलत अभ्यास गर्नेहरूले गलत बाटो छाड्नु पर्छ । र, काउन्सिलले भने लगामबिनाका घोडाजस्ता बनेका सञ्चारमाध्यमहरूलाई त्यत्तिकै छाड्न हुँदैन । कडाभन्दा कडा कारबाही गरेर पत्रकारितामा थुप्रिएको फोहोरो सोहोर्नु पर्छ ।

## सामाजिक सञ्जाल




भेडाले नेतृत्व गरेको सिंहको फौजलाई सिंहले नेतृत्व गरेको भेडाको फौजले हराईदिन्छ भनेझै छ आज पार्टीहरू र देशको नेतृत्व । १६७ देशमा संक्रमित कोरोना महामारीकै बिच कालोबजार अनियन्त्रित, सामग्री गायब, सरकारको युद्धस्तरीय तयारीमा शिथिलताले विपत्तिको सामना केवल पशुपतिनाथमा निर्भर देखिन्छ ।

**- अर्जुननरसिंह केसी**



अब प्रदेश नै खारेज गरौ सँगसँगै जनप्रतिनिधहरूको तलब भत्ता पनि खारेज गरौ यस्तै वार्षिक बजेट संसदबाटै पारित हुने भएपछि फेरि किन संसदै पिछे ६ करोड र ३ करोड बाँडेर भ्रष्टाचारको बाटो खोलिदिने ।

**– गोपाल पौडेल**



कोरोनाले नेपालमा प्रवेश नगरोस भन्ने कामना सहित एक नागरिकको दायित्वले सरकारका सबै अपिल पालना गर्ने र आफैं सचेत रहने हो । तर वाइयात कुरामा नत कसैको सपोर्ट गरिन्छ न त बिरोध ।

**– पवनवर्षा शाह**



कालाबजारीया ठगान लगाउन #StopBlackMarketing चलाउँ जस्तो लाइराछ । कुन सामान कहाँबाट कति चर्को मूल्यमा किन्यो उल्लेख गर्ने । सामान लुकाउने कहाँ नकिन्ने प्रण गर्नोअनि कि व्यापार बन्द गर्छन्, कि सामान दिन्छन् । पैसो हुनेले घरमा थुपार्ने चाहिँ होइन नि !

**– लेखनाथ पाण्डे**


### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article .madhyanhadaily@gmail .com

# प्रतिबन्ध र सांस्कृतिक प्रतिरोध दिवस

**आडम्ब र पाखण्डले छोप्दै लगेको यतिबेला हामी सांस्कृतिक प्रतिरोध दिवस मनाइरहेका छौं । प्रतिरोध दिवस औपचारिकतामा मात्र होइन, निरन्तर सङ्घर्षको सन्देश पनि हो । सहिदको स्मृति भनेको तिनको त्याग, निष्ठा र सर्मपणको निरन्तर आत्मसातीकरणको प्रक्रिया पनि हो ।**



■ खेम थपलिया

> नयाँ विचारको निर्माण गर्दै यस शताब्दीमा विश्वकै सर्वहारावर्गलाई निर्देशित गर्ने नयाँ जनक्रान्तिको सूत्रपात नेपालबाट भएको छ । यतिखेर आमूल परिवर्तनकामी सहचारी वर्गमुक्तिका पक्षधर शक्तिहरूलाई गोलबन्द गरेर अघि बढ्नुपर्ने अनिवार्यता पनि हाम्रोसामु छ ।

हामी यतिबेला प्रतिबन्धित अवस्थाकै बिचमा महासमरमा सहादतप्राप्त सहिदहरूको स्मरण र सम्झनाको भावधारामा २२ औं सांस्कृतिक प्रतिरोध दिवस मनाइरहेका छौं । यो दिन जनताका पक्षमा क्रियाशील लेखक, कलाकार, साहित्यकारहरू विशेष संवेदित हुने गर्दछन् । मलाई पनि यो दिनले अलि बढी नै चिमोट्ने गर्दछ । यसपालि झन् अलि बढी चिमोटेको अनुभति गरिरहेको छु ।

देश र जनताका मुक्तिका लागि क्रान्तिकारी धाराको अवलम्बन सांस्कृतिक प्रतिरोध दिवसको केन्द्रीय मूल्य हो ।

जबसम्म नेपालमा क्रान्ति सम्पन्न हुँदैन, तबसम्म जनताको मुक्ति हुँदैन; जबसम्म जनताको मुक्ति हुँदैन, तबसम्म हामी निरन्तर क्रान्तिकारी दिशामा अघि बढिरहन आवश्यक छ भन्न्न भावनालाई हृदयदेखि नै आत्मसात् गरेका लेखक, कलाकार, साहित्यकारहरू यतिबेला सामाजिक फासिवादी ओली मण्डलीद्वारा प्रतिबन्धित गरिएको अवस्थामा छन् । कस्तो अनौठो हगि ! देश र जनताका निम्ति सहिद भएर मर्न चाहन्छु, कहिल्यै पनि गद्दार हुनेछैन भन्ने प्रतिवद्धता गर्ने दिनमा पनि प्रतिबन्धि नै भइरहनुपर्ने ! म भित्रदेखि महसुस गरिरहेको छु, यही भावधारामा डुबुल्किँदै नेपालका क्रान्तिकारी कम्युनिस्टहरू क्रान्तिकारी आवेग र विवेकको द्वन्द्वात्मक स्थितिको ख्याल गरेर आफ्नो लक्ष्यमा पुग्न सक्छन् ।

यसो हेर्छु, सहरमा अनेकथरी 'कम्युनिस्ट' हरूले पनि सांस्कृतिक प्रतिरोध दिवस मनाइरहेका छन् । सामाजिक फासिवादी ओली सरकार र उसको पार्टी डबल नेकपाले पनि सांस्कृतिक प्रतिरोध दिवस मनाउने नाटक गरिरहेको छ । उसको भव्य मञ्च, भव्य सजावट, शासकीय रवाफ र चर्का-चर्का कुराले एकछिन् टाउको रनन्न पार्छ । तिनको त्यो फगत नाटकले टाउको फुट्लाझैं गरी दुख्छ । बेस्सरी टाउको समाउँछु । यसो सम्झन्छु, क्रान्तिमा केही नेताहरूले धोका दिन सक्छन्, धोका दिएका पनि छन् तर पनि क्रान्तिको प्रवाह रोकिँदैन र रोकिनु पनि हुन्न, कहाँ रोकिएको छ र ! क्रान्तिको सामूहिकीकरणको चरित्रलाई ख्याल गर्दै यसको ऊर्ध्वगामी दिशा पक्रनु आवश्यकता त हो । जनक्रान्तिका माध्यमबाट दलालहरूको लुटको स्वर्ग ध्वस्त बनाउने समय आइसकेको छ किनभने उनीहरू जनताको आधारभूत तहबाट पूरै अलग्गिइसकेका छन् । क्रान्तिकारीहरूले यतिबेला संयुक्त मोर्चा, क्रान्तिकारी ध्रुवीकरणको आवाज बुलन्द गर्दै जनक्रान्तिलाई नयाँ शिराबाट उठाइरहेका छन् । देश, जनता र समाजको मुक्ति, प्रगति र अग्रगामी परिवर्तनका लागि आफूलाई सचेत ढङ्गले बलिदान गर्ने महान् व्यक्ति सहिद हुन्छ । आजभोलि उद्देश्यहीन असचेत मृत्युलाई पनि सहिदी मृत्युमा गणना गर्न थालिएकाले सहिदी-अवमूल्यन हुँदै गएको हो । सामन्तवादले खडा गरेका सबै किसिमका विभेद, दासता, शोषण र दमनका पर्खाल भत्काउन विभिन्न समयमा थुप्रै सपूतहरूले रगत बगाएका छन् । जनमुक्तिको क्षितिज नउघ्रिँदासम्म यो सिलसिला जारी जारी रहनेछ ।

हुन त हो नि ! सहिद भन्दाभन्दै सहिद शब्दकै मूल्य अवमूल्यन गर्ने होड चलेको यतिबेला सबैले सबै किसिमका मानवताविरोधी देशी, विदेशी, उत्पीडित र शोषणबाट मुक्त भएर सुन्दर समाज, सुन्दर जीवन अनि सभ्य र उच्च समाजको निर्माण नहुँदासम्म सहिद हुने प्रक्रिया रोकिँदैन भन्ने कुरालाई हृदयदेखि नै आत्मसात् गरे कति राम्रो हुने थियो ! यसो मान्छेहरूको अनुहार सम्झिन्छु, यसो तिनको जीवन व्यवहार सम्झन्छु । वाकवाकी आउँला जस्तो हुन्छ, भाउन्न छुट्छ । फेरि घोरिन्छु, इतिहासको प्रत्येक चरणमा सहिदहरूको बलिदानले पर्खाल भत्काउँछ र अग्रगामी परिवर्तनको ढोका खोल्छ तर नेपालमा त्यसलाई परिवर्तनकारी जनताले संस्थागत गर्न नपाउँदै सहिदी उद्देश्यलाई कुल्चने काम भएको छ । यो दुःखद् शृङ्खलाको अन्त्यका निम्ति निर्णायक युद्धको आवश्यकता खट्किएको छ । अग्रगामी परिवर्तन र मानवमुक्ति यात्राकै हिस्साका रूपमा नेपालमा जनयुद्धको थालनी भएको थियो । हामी पनि संयोगबश बाँचेका हौं नि ! जनयुद्ध दासता र पराधीनतालाई अस्वीकार गरेको महान् युद्धको घोषणा थियो, जसमा हजारौं जनयोद्धाले बलिदान गरे । नेपालको इतिहासमा बलिदानको यो गाथा अद्वितीय छ । जनयुद्धको यही त्याग र समर्पणको जगमा विकास भएको आन्दोलनको लपेटाले सामन्ती राजतन्त्रको गजुरलाई धुलोमा सुताइदिएकै हो । तत्कालीन राजा ज्ञानेन्द्रले नेपालभित्र मात्र होइन, भारतमा विभिन्न मठ-मन्दिरमा गएर आफ्नो राजपाठको रक्षार्थ चरु होमेकै हुन् तर महान् जनताका अगाडि उनको अनेकन् प्रयासले केही काम गरेन । ओहो आजको लोकतन्त्र ! यो त लुटतन्त्र हो लुटतन्त्र ! देशमा लोकतान्त्रिक गणतन्त्रको घोषणा गरिए पनि देश र जनताको अवस्था झन्भन्दा झन् दयनीय हुँदै गएको छ । यो व्यवस्था जनताको हाइन भन्ने कुरा स्पष्ट हुँदै गएको छ । गाउँ, सहर, पहाड, मधेस सबैतिर यसो हेर्छु, यसले अग्रगामी परिवर्तनका ढोका फेरि पनि अवरुद्ध भएको पाउँछु । राज्यसत्तामा प्रतिगामी चिन्तन हावी भएकोले दुःखद् शृङ्खलाको पुनरावृत्ति नै भएको पाउँछु ।

हैट मन पनि कस्तो ! कता कता वहकिएला जस्तो । मैले केही सहिद परिवारलाई भेटेको छु, कुरा गरेको छु, त्यसले मलाई निकै पीडा दिन्छ । सहिद कोही कसैको कमाइखाने ट्रेडमार्क थिएन । सहिद कुनै एक्लो व्यक्ति होइन; त्यो मुक्ति, क्रान्ति, प्रगति, न्याय, समानता, र अग्रगामी परिवर्तनको समष्टि हो । साथै, त्यो हरेक गद्दारी, आत्मसमर्पण, बेइमानी र विसर्जन विरुद्धको खबरदारी पनि हो । त्यो त्याग, बलिदान, समर्पण, उदात्तता, मानिसको सुन्दर भविष्य र जनकल्याणको प्रतिबिम्बन हो । त्यो मुक्ति र स्वतन्त्रताको कहिल्यै ननिभ्ने ज्योतिपुञ्ज हो । त्यसैले सहिदसँग जीवनको स्पन्दन छ, सुन्दरता छ, गन्तव्य छ अनि परिवर्तनको अविरल धारा छ । मानवमुक्ति, उन्नति र प्रगतिका मूल्य, विचार र आदर्शहरूमा सहिद बाँचेको हुन्छ । सहिदको आदर्श ओझेलमा पार्नु भनेको अधोगति हुनु हो । ऐतिहासिक क्रममा सहिदका उद्देश्य एवम् आदर्शहरू प्रगतिशील र सर्वकालिक हुन्छन् । ऐतिहासिक परम्पराको यही कडीमै जनयुद्धका सहिदहरूसँग विगत र वर्तमान एकीकृत जनक्रान्तिका सहिदहरू अभिन्न रूपमा जोडिएका छन् । यो महान् प्रक्रियामा एकीकृत जनक्रान्तिका धनरूप बटाला, कुमार पौडेल, चन्द्रबहादुर सिंह 'सनराइज', तीर्थ घिमिरे 'राजु', गोकुल राना मगर 'महान्', विभुराम विक 'दीपेन्द्र', प्रज्वल शाही 'प्रज्वल', विष्णु भण्डारी 'निरन्तर', निरकुमार राई 'प्रशान्त', रामकुमार श्रेष्ठ 'रविन', रामबहादुर सिंह 'राजेश' हरूको सहादत उच्च र आदर्शयुक्त रहेको छ ।

मेरो दाहिनातर्फ भित्तामा कृष्ण सेन 'इच्छुक' तस्बिर झुन्डिरहेको छ । इच्छुकले हामीलाई निरन्तर अघि बढ्ने ऊर्जा दिइरहनुभएको छ । फेरि, यतिखेर नेपाल वर्गयुद्धको तुफानी शृङ्खलाको अर्को मोडमा उभिएको छ । जनता दश वर्षको वर्गयुद्धले ल्याएको उथल-पुथललाई संस्थागत गर्ने प्रक्रियामा छन् । असजिलो परिस्थितिका बिचमा निरन्तर अघि बढ्न इच्छुक हाम्रा प्रेरणा हुन् । सहिदका सपना पूरा भएका छैनन् । त्यो पूरा गर्ने दायित्व क्रान्तिकारीहरूकै काँधमा छ । सांस्कृतिक प्रतिरोध दिवसको औचित्य पनि यसैमा सङ्केन्द्रित छ । महान् सहिदहरूका रगतले लेखेको इतिहास, उनको जीवनोत्सर्ग, आस्था, उनका बलिदानको सपना र विचारको निष्ठाले औंला ठड्याएर आज पनि हामीलाई सचेतना दिइरहेको छ- सर्वहारा-कम्युनिस्टको सत्ता स्थापनाको सङ्कल्प नछोड्नू; समानता, न्याय र स्वतन्त्रताको समाज स्थापना गर्ने दृढ अठोट नबिर्सनू; सामन्ती र साम्राज्यवादी उत्पीडन, दमन र शोषणका विरुद्ध सधैं जागिरहने निष्ठा र सममर्णलाई नछोड्नू आदि । हामीलाई प्रतिरोध, त्याग, बलिदान र वर्गसङ्घर्षको संस्कृतिलाई निरन्तर अगाडि बढाउन सन्देश दिइरहेका छन् । शौर्य, साहस र वीरतापूर्ण वर्गसंस्कृतिको स्मरण गराइरहेछन् ।

कम्प्युटरको स्क्रिनमा अनेकोटमा सहादतप्राप्त सांस्कृतिक सहिदहरूको तस्बिरले एकछिन् अर्कै संसारमा पुऱ्याउँछ । अनि अनेकोटको भूगोल छाम्न पुग्छु, ओहो अनेकोटको त्यो खण्डहर घर र बस्तीहरू ! अनि अनुभूति गर्छु, यी बस्तीले आफ्ना प्रिय छोराछोरीसितको भौतिक विछोडको पीडा भनिसाध्य छैन । अनेकोट यस्तो महान् भूमि हो, जहाँ सातजना सांस्कृतिक योद्धाले मुक्तिका लागि क्रान्तिको बेदीमा आत्माहुति चढाएका थिए । २०५५ सालको चैत ५ गतेको दिन तत्कालीन बर्बर र अमानवीय तानाशाही सत्ताले काभ्रेको अनेकोटमा सशस्त्र घेरा हाली कुची, कलम र मादलका माध्यमबाट वर्गीय विचार र आस्थामा प्रतिवद्ध निःशस्त्र जनकलाकारहरूलाई ज्यूँदै आगो लगाएर मारेको थियो । अछामको डुङ्गलामा नौजना, रोल्पाको भाबाङमा एघारजना तथा डोटीको मुडभरा, अछामकै विनायकमा पनि जनकलाकारको सामूहिक सहादत भएको थियो ।

आडम्ब र पाखण्डले छोप्दै लगेको यतिबेला हामी सांस्कृतिक प्रतिरोध दिवस मनाइरहेका छौं । प्रतिरोध दिवस औपचारिकतामा मात्र होइन, निरन्तर सङ्घर्षको सन्देश पनि हो । सहिदको स्मृति भनेको तिनको त्याग, निष्ठा र समर्पणको निरन्तर आत्मसातीकरणको प्रक्रिया पनि हो । तिनका सपना पूरा गर्ने वाचा र प्रतिबद्धता हो । सहिदका रगतले लेखेको इतिहास कसैले मेट्न नदिने जुझारु सङ्घर्ष जारी राख्नु पनि हो । सांस्कृतिक प्रतिरोध दिवस वर्गमुक्तिको यात्रामा वर्गचेतना, वर्गप्रेम र वर्गघृणालाई साम्यवादको युगसम्म जीवित राख्ने र वर्गसङ्घर्षलाई लगातार अघि बढाउँदै सर्वहारावर्गलाई अन्तिम विजय नहुँदासम्म गरिने निरन्तर सङ्घर्षको प्रतीक पनि हो । यो वर्गविद्रोहका संवाहकसामु ठुल-ठुला चुनौती र महान् सम्भावनायुक्त रहेको छ ।

नयाँ विचारको निर्माण गर्दै यस शताब्दीमा विश्वकै सर्वहारावर्गलाई निर्देशित गर्ने नयाँ जनक्रान्तिको सूत्रपात नेपालबाट भएको छ । यतिखेर आमूल परिवर्तनकामी सहचारी वर्गमुक्तिका पक्षधर शक्तिहरूलाई गोलबन्द गरेर अघि बढ्नुपर्ने अनिवार्यता पनि हाम्रोसामु छ । अझ 'समाजवादी' ओली सरकारद्वारा नेपाल कम्युनिस्ट पार्टीमाथि लगाइएको प्रतिबन्धको यस स्थितिमा सांस्कृतिक प्रतिरोध दिवस मनाउनुको अर्थ जनमुक्तिको महान् अभियानात्मक प्रवाहमा न्यायप्रेमी जनसमुदायलाई मोर्चाबन्दी गरी प्रतिरोध सङ्घर्षमा उत्रनु हो । अझै पनि मुक्तिकामी जनताले आमूल परिवर्तनको आशा मारिसकेका छैनन् । सहिदको सपना क्रान्ति थियो, वर्गीय मुक्ति थियो । वास्तविक अर्थमा सहिदलाई सम्झनु चानचुने कुरा होइन ।

आज सांस्कृतिक आन्दोलनबारे विभिन्न कोणबाट टिप्पणी हुन थालेका छन् । चिन्ताहरू व्यक्त हुन थालेका छन् । योसित प्रतिभाहरूको केन्द्रीकरण र वैचारिक आधारको ठूलो भूमिका हुने गर्दछ । आज प्रतिभाहरू र तिनका वैचारिक आधारलाई जोगाउन हम्मेहम्मे हुँदै गएको छ । फासिवादी बन्दुकका विरुद्ध जनताको तहबाट बन्दुक उठ्नु युद्धको सामान्य नियम हो । संशोधनवाद संशोधनवाद नै हो, साम्राज्यवाद साम्राज्यवाद नै हो, क्रान्तिकारी क्रान्तिकारी नै हो । संस्कृतिकर्मीहरूले सीआईए, 'रअ' का कथित मास्टर माइन्डमाथि आफ्नो निशाना लगाउन ढिलाइ हुँदै गएको छ । सीआईए र रअका नेपाली प्रतिनिधिहरूबाट जनअपेक्षा गर्नु र दर्शनढुङ्गाबाट चल्ला कोरल्नु उस्तै कुरा हुन् । प्वाँखभन्दा हलुका मृत्यु रोजेकाहरूको के कुरा गर्नू र ! जनता महान् सपनाका साथ बाँचिरहेका छन् भने नवसंशोधनवादी-दक्षिणपन्थीहरू मर्दै गइरहेका छन् । सहिदहरूलाई सम्झनु भनेको देश र जनताका पक्षमा आन्दोलित हुनु पनि हो । विचार, बलिदान, विश्वास र रूपान्तरण सांस्कृतिक प्रतिरोध दिवसको अर्थबोध गर्नुपर्ने विषय हुन् । जनताको गीत गाउँदै हिँड्नेक्रममा अखिल नेपाल जनसांस्कृतिक महासङ्घ (तत्कालीन सङ्घ) का केन्द्रीय सदस्य च्याङ्बा लामासहित सातजना कलाकारहरूलाई तत्कालीन सत्ताले नियन्त्रणमा लिएर जिउँदै आगो झोसेर हत्या गरेको दिनलाई प्रतिनिधिमूलक दिनको रूपमा अखिल नेपाल जनसांस्कृतिक महासङ्घले हरेक वर्षको चैत ५ लाई सांस्कृतिक प्रतिरोध दिवसको रूपमा मनाउँदै आएको छ । महासङ्घले रोल्पाको भाबाङलगायतका सामूहिक हत्याकाण्ड र देशैभरका सांस्कृतिक सहिदलाई सम्मान गर्ने र उनीहरूका सपनालाई पूरा गर्नका लागि प्रण गर्ने दिनको रूपमा यो दिवस मनाउँदै आएको छ ।

महान् सहिदहरूका सपनाको साम्यवादी बगैंचा पैसा, पद, प्रतिष्ठा र आसेपासेका शानशौकातका रूपमा ढकमक्क भएर फुलिरहेको यतिबेला क्रान्तिकारी जनसमुदाय सामाजिक फासिवादी ओली सरकारको प्रतिबन्धलाई चिर्दै अगाडि बढाइरहेका छन् । साम्यवादमा पुग्न कैयौं महान् सांस्कृतिक क्रान्तिहरू पार गर्नुपर्नेछ, कैयौं बलिदानका सागर र कठिनाइका साँघु तर्नुपर्नेछ । महान् सहिदहरूको स्पिरिट कायम गरेर मात्र कम्युनिस्ट क्रान्तिकारीहरू मानवजातिका साथ साम्यवादमा पुग्नेछन् । इतिहासको पाठ र वर्तमानको भोगाइबाट देखिएका सपनाहरू कोरा कल्पना हुनै सक्तैनन् । जनताका महान् सपनाको हत्या गर्ने दुस्प्रयत्नकारीहरू एक दिन इतिहासको गर्तमा पुरिनेछन् । एकीकृत जनक्रान्तिको सफलताका साथ वैज्ञानिक समाजवादी व्यवस्थाको स्थापना नै महान् बलिदानका सहिदीमूल्य हुन् । हामीले यही अर्थम अनेकोटलगायत देशैभरका १६० भन्दा बढी सांस्कृतिक सहिदहरूको सम्मान र स्मरण गर्नु उपयुक्त हुन्छ ।

यतिबेला अखिल नेपाल जनसांस्कृतिक महासङ्घका अध्यक्ष माइला लामा सङ्खुवासभाको खाँदबारी जेलमा बन्दीजीवन बिताइरहनुभएको छ । सांस्कृतिक तथा सौन्दर्यचिन्तक हेमन्तप्रकाश वली, संस्मरणाकार उमा भुजेलगायत सयौं जेलजिवन बिताइरहनुभएको छ । यतिबेला नेपाल लेख-साहित्यकारका लागि जेल बनाइएको छ । अभिव्यक्ति स्वतन्त्रतामाथि व्यापक हनन भएको छ । भारतीय बुद्धिजीवी गौतम नौलेखा, बरबर रावलगायत दर्जनौं व्यक्तित्व निकै लामा समयदेखि जेलमा हुनुहुन्छ । भर्खरै मात्र भारतीय फासिवादी सत्ताले गौतम नौलेखालाई भारतीय सर्वोच्च अदालतले अर्वान नक्सलको आरोपमा भीमा कोरेगाँउ मुद्दामा आत्मसमर्पणको तीनहप्ते आदेश दिएको छ । फासिवाद मैमत्ता भएपछि त्यसको पहिलो सिकार बौद्धिक समूह बुद्धिजीवी, सामाजिक अभियन्ता, लेखक, साहित्यकार, कलाकार हुने रहेछन् । यतिबेला कुनै चिन्तकले सत्य बोल्नु त्यो बेलाको सबभन्दा ठूलो क्रान्तिकारी हुनु हो भनेको सम्झन्छु । हो, आज यही समय आएको छ । मलाई विश्वास छ, त्यो सत्याभिव्यक्तिले नेपालमाथि मडारिएको कालो बादल एकदिन अवश्य नै खुल्नेछ र चमचम गरी चकमकाउनेछ । यी हुस्सु, कुहिरो, तुवाँलो र बादल लामो समय टिक्नेछैन ।

लेनिनले भन्नुभएको कतै पढेको सम्झिन्छु, "हामी हाम्रा पुर्खाहरूभन्दा राम्रोसँग लडिरहेका छौं । हाम्रा सन्ततिहरू हामीभन्दा राम्ररी लड्नेछन् र विजय प्राप्त गर्नेछन् ।" समकालीन अधिकांश लेखकहरूले विषयगत पुनरावृत्तिको घेरा तोड्न सकेको देखिँदैन । कहिलेकाहीं त यस्तो लाग्छ कि आजका लेखकहरू 'रिपिटेसन' कर्ममा दम्भ प्रदर्शन गर्न उद्यत छन् । यो फासिवादी सत्ता लेखक-साहित्यकारप्रति जति अनुदार छ, त्योभन्दा बढी डरलाग्दो कुरा त स्वयम लेखक आफ्नै कलमप्रति इमानदार नहुनुमा छ । त्यसकारण कुनै पनि लेखकको काल्पनिकीले जोखिम उठाउनैपर्दछ । आजको समयले जोखिम उठाउन सक्ने लेखकको माग गरिरहेको छ । लेनिनको भनाइको तात्पर्य पनि त यही हो ।

म आफ्नै परिवेशवरिपरि यसो हेर्दछु । अनि लाग्छ, जीवन यस्तो सङ्घर्ष रहेछ, कोही दौडिरहेका हुन्छन्, कोही घिस्रिरहेका हुन्छन्, कोही रोइरहेका हुन्छन्, कोही हाँसिरहेका हुन्छन्, कोही नाचिरहेका हुन्छन् तर पनि वस्तुतः समकालीन जीवन वैयक्तिक देखिने रहेछ । अधिकांशमा अवसरको केन्द्रीकरण आफू, आफ्नो परिवार र आसेपासेमा होओस् र भइराखोस् भन्ने मनसुवा देखिने रहेछ । उत्पीडित तथा श्रमजीवी जनताको पक्षमा सचेत र उद्देश्यपूर्ण जीवन कमै मात्रामा देखिने रहेछ । अरूको त कुरै छाडौं, समाजवादी-साम्यवादी भनिएका राजनीतिक दल, तिनका नेता तथा कार्यकर्तालाई समेत वैयक्तिकताले करिब-करिब खोक्रो बनाइसकेको अनुभव गर्छु । क्रान्ति र प्रतिक्रान्तिको बादल बेस्सरी मडारिँदै गएको यतिबेला मुट्ठी कसेर समवेत स्वरमा भन्न मन लाग्छ, क्रान्तिकारी शिविरलाई सदृढ बनाऔं, क्रान्ति र परिवर्तनको गीत गाऔं ।

इतिहासको यस घडीमा हामीले महान् सांस्कृतिक सहिदहरूको सम्मान र स्मरण गरिरहँदा फासिवादी वली सरकारका विरुद्ध निर्णायक सङ्घर्ष गर्नुपरेको छ । सबै क्रान्तिकारी, देशभक्त, परिवर्तनकारी शक्तिहरू मिलेर फासिवादका विरुद्ध लड्नुपरेको छ । ओलीको सामाजिक फासिवादी सररकाले जनतामाथि व्यापक दमनचक्र चलाइरहेको छ । को कतिखेर ढालिन्छ भन्न सकिने अवस्था छैन ! यतिबेला क्रान्तिकारी योद्धाहरूसँगै लेखक-साहित्यकार तथा संस्कृतिकर्मीहरूको दायित्व कैयौंगुणा बढेर गएको छ ।

सूर्य बिहानीको उत्तरार्द्धतिर पुग्दै छ । आज किन हो, सूर्य धुमिल धुमिल प्रतीत हुन्छ । प्रतिबन्धित समय, धुमिल सूर्य, बादलले डम्म ढाकेको यतिबेला अनुभूतिको मझेरीमा अहिलेलाई यति मात्र भनौं, २२ औं सांस्कृतिक प्रतिरोध दिवस भव्य रूपमा मनाऔं । अखिल नेपाल जनसांस्कृतिक महासङ्घका अध्यक्ष एवम् चर्चित जनकलाकार माइला लामालाई रिहा गराउन चौतर्फी दबाब सिर्जना गरौं । २०५५ चैत ५ गते काभ्रेको अनेकोटमा राती घरमा सेल्टर लिएर बसिरहेको अवस्थामा प्रहरीद्वारा घेरा हाली हत्या गरिनुभएका जनकलाकारहरू च्याङबा लामा, गुम्बा सिंह तामाङ, निर्मला देवकोटा, सुभद्रा सापकोटा, मञ्जु कुँवर, चिनीमाया लामा र डम्बर श्रेष्ठलगायत देशैभर सामूहिक हत्याकाण्डमा मृत्युवरण गर्नुहुने अमर सांस्कृतिक सहिदहरूको सम्मान गरौं ।

# कोरोनाबाट विश्वभरिमा ९ हजार २८५ को मृत्यु

## एल साल्भाडोर र निकारागुआमा पनि पस्यो कोरोना



**जेनेभा/एजेन्सी-** विश्वभरी महामारीका रुपमा फैलिँदै गएको कोरोना भाइरसको सङ्क्रमणको कारण बिहीबारसम्म विश्वभर ९ हजार २८५ व्यक्तिको मृत्यु भएको छ। दुई लाख २६ हजार ४८३ जना कोरोना भाइरसबाट सङ्क्रमित छन्।

सङ्क्रमित व्यक्तिहरुमा ८५ हजार ७४५ जना उपचारपछि घर फर्किएका छन् । एक लाख २४ हजार ६११ व्यक्ति हाल सङ्क्रमित रहेका जनाइएको छ । कोरोना भाइरस कोभिड-१९ को सङ्क्रमण हालसम्म १७६ वटा देशमा देखा परिसकेको छ ।

चीनमा संक्रमणबाट ३ हजार २ सय ४५ को ज्यान गएको छ। कोरोनाबाट चीनपछि इटलीमा सबैभन्दा धेरैको ज्यान गएको छ । यो सामग्री तयार पार्दासम्म त्यहाँ २ हजार ९ सय ७८ को मृत्यु भइसकेको छ। २ हजार २ सय ५७ को अवस्था गम्भीर छ ।

इरानमा १ हजार २ सय ८४ को ज्यान गएको छ । बिहीबार अबेरसम्म यहाँका १४९ भन्दा बढी संक्रमितलाई मृत घोषित गरिएको छ। स्पेनमा बिहीबार थप १४९ को ज्यान गएको छ । योसँगै स्पेनमा कोरोनाबाट ज्यान गुमाउनेको संख्या ७ सय ६७ पुगेको छ । जर्मनी, अमेरिका र फ्रान्समा क्रमशः ३३, १ सय ५५ र २ सय ६४ को मृत्यु भएको छ ।

कोरोना भाइरसविरुद्धको लडाइँमा चीनलाई थप सफलता हात परेको छ । गत डिसेम्बरको अन्तिम सातादेखि कोरोनाविरुद्ध लडेको चीनले इपिसेन्टर वुहानमा संक्रमण शून्यमा झारेको छ । मंगलबार १३ को ज्यान गएकोमा बुधबार ८ संक्रमितको ज्यान गएको छ ।

गत डिसेम्बरको अन्तिम सातादेखि देखापरेको संक्रमणले हायलकायल बनाएको वुहानमा बुधबार शून्य संक्रमण देखिएको हो। हुवेई प्रान्तको स्वास्थ्य विभागलाई उद्धृत गर्दै समाचार संस्था सिन्ह्वाले बुधबार वुहानका कसैमा पनि कोरोनाको संक्रमण नदेखिएको जनाएको छ ।

कोरोनाका कारण ३ हजार २ सय ३७ को ज्यान गएको चीनमा अझै ८० हजार ८ सय ८९ मानिस संक्रमित छन् । यीमध्ये २ हजार ६ सय २२ को अवस्था भने गम्भीर रहेको बताइएको छ ।

मध्यअमेरिकी अमेरिकी मुलुक निकारागुआले बुधबार कोभिड-१९ को सङ्क्रमणको पहिलो घटना पुष्टि भएको उपराष्ट्रपति रोजारियो मुरिलोले जानकारी दिएका छन् ।

निकारागुआका यी नागरिक भर्खर मात्र छिमेकी मुलुक पनामाको यात्राबाट फर्केका मुरिलोले राष्ट्रिय टेलिभिजनमा बताएका छन् ।

कोरोना भाइरसबाट सङ्क्रमित ती व्यक्तिलाई ज्वरो र सुख्खा खोकीजस्ता लक्षणहरु देखा परेपछि उनी अस्पताल गएका थिए । अस्पतालमा परीक्षण गर्दा उनीमा कोरोना भाइरस पोजेटिभ देखिएको मुरिलोले बताए । हाल बिरामीको अवस्था स्थिर रहेको अस्पताल स्रोतले जानकारी दिएको छ ।

चीनको हुबेई प्रान्तको उहान शहरबाट शुरु भएको यस कोरोना भाइरसको सङ्क्रमणबाट बिहीबारसम्म विश्वभरी ८ हजार ९७० जनाको मृत्यु भएको विश्व स्वास्थ्य संगठनले जनाएको छ ।

त्यसैगरी विश्वभरी बिहीबारसम्म २ लाख १९ हजार ३५७ जना कोरोना भाइरस सङ्क्रमित भएका छन्। सङ्क्रमित व्यक्तिहरुमा ८५ हजार ७४५ जना उपचारपछि घर फर्किएका छन् ।

एल साल्भाडोरमा कोरोना भाइरस सङ्क्रमण भएको पहिलो व्यक्ति भेटिएको राष्ट्रपति नायब बुकेलेले बताएका छन् । कोरोना भाइरसको सङ्क्रमण देखिएका यी व्यक्ति इटालीको यात्राबाट हालै फर्किएको प्राप्त समाचारमा जनाइएको छ । हाल यी व्यक्ति मतापानको साल्भाडोरन नगरपालिकामा अलग्ग राखिएको (आइसोलेसन) बुकेलेले टेलिभिजनमार्फत बताए ।

सङ्क्रमणसँग जुध्न एक विशेष अस्पतालको पनि घोषणा गरिएको र नागरिकले घरमै बस्नेलगायत स्वास्थ्य अधिकारीले जारी गरेको सरसफाइको नियम पनि अनुसरण गर्न सुझाव दिइएको राष्ट्रपति बुकेलेले बताए ।

पाकिस्तानमा कोरोना भाइरस (कोभिड-१९) बाट २ जनाको ज्यान गएको छ । पाकिस्तानको उत्तरपश्चिमी खिबेर पखटुंख्वा प्रान्तको पेशावरमा र मार्डन जिल्लामा १र१ जनाको ज्यान गएको हो ।

ज्यान गुमाउनेमध्ये एक भर्खरै साउदी अरेबियाको भ्रमणबाट फर्केका थिए । अहिले उनको परिवारमा पनि यो भाइरसको परीक्षण गरिएको छ । पेशावरमा ज्यान गुमाउने नागरिक भने दुबईको भ्रमणबाट फर्किएको बताइएको छ।

बुधबार पाकिस्तानमा नयाँ संक्रमितको संख्या पनि ६० पुगेको थियो । यससँगै मुलुकमा समग्र संक्रमितको संख्या ३०७ पुगेको छ। सिन्ध प्रान्तमा मात्र २०८ जनामा यो भाइरसको संक्रमण देखिएको छ ।

नयाँ संक्रमितमध्ये धेरैजसो मानिस इरानको भ्रमणबाट फर्केका मानिसहरू छन्। मंगलबार प्रधानमन्त्री इमरान खानले मानिसहरू आफैं जिम्मेवार नहुने हो भने यसले मुलुकभर महामारीको रूप लिन सक्ने चेतावनी दिएका थिए ।

# अमेरिकाको चेतावनीले चीनको अर्थव्यवस्था प्रभावित

**बेइजिङ/एजेन्सी-** कोरोनाभाइरसका कारण एक महिनाभन्दा बढी समयदेखि बन्द रहेका चिनियाँ कलकारखाना पुनःखोल्न चीनले तयारी गरेपनि संयुक्तराज्य अमेरिकाका सङ्क्रामक रोग नियन्त्रण निकायको नयाँ चेतावनीले अन्यौल बढाएको छ ।



| Country, Other | Total Cases | New Cases | Total Deaths | New Deaths | Total Recovered | Active Cases | Serious, Critical | Tot Cases/ 1M pop |
|---|---|---|---|---|---|---|---|---|
| China | 80,928 | +34 | 3,245 | +8 | 70,420 | 7,263 | 2,274 | 56 |
| Italy | 35,713 | | 2,978 | | 4,025 | 28,710 | 2,257 | 591 |
| Iran | 18,407 | +1,046 | 1,284 | +149 | 5,710 | 11,413 | | 219 |
| Spain | 17,147 | +2,378 | 767 | +129 | 1,107 | 15,273 | 800 | 367 |
| Germany | 13,632 | +1,305 | 33 | +5 | 113 | 13,486 | 2 | 163 |
| USA | 9,477 | +218 | 155 | +5 | 108 | 9,214 | 64 | 29 |
| France | 9,134 | | 264 | | 602 | 8,268 | 931 | 140 |
| S. Korea | 8,565 | +152 | 91 | +7 | 1,947 | 6,527 | 59 | 167 |
| Switzerland | 3,438 | +323 | 36 | +3 | 15 | 3,387 | | 397 |
| UK | 2,626 | | 108 | +4 | 65 | 2,453 | 20 | 39 |
| Netherlands | 2,051 | | 58 | | 2 | 1,991 | 45 | 120 |
| Austria | 1,843 | +197 | 5 | +1 | 9 | 1,829 | 12 | 205 |
| Belgium | 1,795 | +309 | 21 | +7 | 155 | 1,619 | 88 | 155 |
| Norway | 1,704 | +113 | 6 | | 1 | 1,697 | 27 | 314 |
| Sweden | 1,331 | +30 | 10 | | 16 | 1,305 | 21 | 132 |
| Denmark | 1,132 | +75 | 6 | +2 | 1 | 1,125 | 30 | 195 |
| Japan | 923 | +9 | 32 | +3 | 191 | 700 | 46 | 7 |
| Malaysia | 900 | +110 | 2 | | 75 | 823 | 15 | 28 |
| Portugal | 785 | +143 | 3 | +1 | 4 | 778 | 20 | 77 |
| Canada | 727 | | 9 | | 12 | 706 | 1 | 19 |

अमेरिकी चेतावनीले खासगरी माइक्रोचिप्स र त्यसका लागि आवश्यक अरु सामानको आपूर्तिमा बाधा पुऱ्याउन सक्नेछ ।

चीनको सत्तारुढ कम्युनिष्ट पार्टीले कोरोनाभाइरसमा विजय हासिल गरेपनि विश्वकै दोस्रो ठूलो चिनियाँ अर्थतन्त्रलाई पुनर्जीवित तुल्याउने प्रयासमा अझै केही दिन ढिलाई हुने खतरा देखिएको छ। पश्चिमा देशले उद्योग बन्द गर्ने, मानिसको यात्रा सीमित गर्ने तथा मानिसलाई घरमै बस्न अनुरोध गरेका कारण विश्वव्यापी व्यापार गतिविधिमा दबाबको स्थिति छ ।

चिनियाँ उत्पादकले एप्पल, सामसुङ र अन्य ब्रान्डका मोबाइल फोनको ८० प्रतिशतभन्दा बढी चीनमै उत्पादन गर्दछन् । चीनमा विश्वमै आधाभन्दा बढी पर्सनल कम्प्युटर, ठूलो सङ्ख्यामा घरयासी विद्युतीय र अरु सामान उत्पादन हुने गर्दछ तर तिनीलाई अमेरिकामा निर्मित प्रोसेसर चिप्स र अन्य उच्च कोटिका सामान आवश्यक पर्दछ ।

यो स्पष्ट छैन, कोरोनाभाइरस नियन्त्रण गर्ने अमेरिकी प्रयासले व्यापारलाई कसरी असर गर्न सक्नेछ। हालसम्म नियन्त्रणका प्रयास मुख्यरुपमा यात्रुहरूमा लागू भएका छन्, सामानमा होइन । अमेरिकी कारखाना सीमित भएपनि सञ्चालनमा छन् । तर नेशनल फेडरेशन अफ इण्डिपेन्डेन्ट बिजनेसका अनुसार सर्भे गरिएका ३०० कम्पनीमध्ये करिब ३९ प्रतिशतले आपूर्ति अवरोध सामना गरिरहेका छन् ।

'अमेरिकामा दैनिक जीवनमा आउने अवरोधले निश्चय पनि चीनको उत्पादन गतिविधिमा अवरोध आउन सक्नेछ,' फिच सोल्युसनका जोखिम विश्लेषक ड्यारेन टेले बताए ।

बेइजिङले मानिसको आवतजावतमा लगाएका नियन्त्रण खुकुलो बनाएको छ । शहरका सडकमा मानिसको चहलपहल बढेको छ । उद्योगहरुले आपूर्ति सञ्जाल पुनर्निर्माण गर्दैछन् । चिनियाँ उद्योगले विश्वभर अटो पार्ट्स, माइक्रोचिप्स र अन्य सामान आपूर्ति गर्ने ठूलो सञ्जाल बनाएका छन् ।

अधिकारीका अनुसार फलाम निर्माता र राज्यको स्वामित्वमा रहेका अन्य उद्योग सामान्य अवस्थामा नै फर्किसकेका छन् तर साना, निजी कम्पनीको अवस्था निकै नाजूक छ । यी कम्पनीलाई चीनको आर्थिक इञ्जिनका रुपमा लिइन्छ । यी कम्पनीले कपडा, खेलौना र अन्य उपभोक्ता वस्तु बनाउँछन् । अधिकांश यी कम्पनी सामग्री वा कर्मचारीको अभावका कारण बन्द गरिएका थिए ।

अमेरिकी चेम्बर अफ कमर्शका अनुसार संयुक्तराज्य अमेरिका, युरोप र अन्य एसियाली देशहरूमा सामानमा १५ प्रतिशत अभाव देखिएको छ। चीनपछि संयुक्तराज्य अमेरिकाबाट हुने आपूर्ति शृंखलामा ठूलो प्रभाव परेको छ ।

सर्वेक्षण गरिएका २३७ कम्पनीमा आधाभन्दा बढी अमेरिकी थिए र तीन तिहाई अमेरिकी निर्माता कम्पनी थिए ।

'धेरै कम्पनीले नियमितरूपमा जापान, दक्षिण कोरिया, इटाली र संयुक्तराज्य अमेरिकाबाट पठाइरहेका आफ्ना आवश्यक वस्तुको ठूलो सम्झौता गरेका थिए, जुन प्रकोपबाट अहिले दबाबमा छन्,' चेम्बरको प्रतिवेदनमा उल्लेख छ । आईडीसीका अनुसार चिनियाँ आपूर्तिकर्तामा आएको समस्याबाट स्मार्टफोनको उत्पादनमा ठूलो असर पर्नेछ ।

# अष्ट्रेलियामा गैरआवासीयमाथि यात्रा प्रतिबन्ध



**सिड्नी/एजेन्सी-**कोभिड-१९ विश्वव्यापीरुपमा फैलिएपछि अस्ट्रेलियाका प्रधानमन्त्री स्कट मोरिसनले सबै आगन्तुकका लागि देशको सिमाना बन्दको घोषणा गरेका छन् ।

अस्ट्रेलियाका आप्रवासी बासिन्दा तथा अन्य नागरिकलाई स्थानीय समयाअनुसार शुक्रबार राति ९ बजेदेखि देशमा प्रवेश गर्न निषेध गरिने बिहीबार भएको एक प्रेस सम्मेलनमा बताए । गैर अष्ट्रेलियाली नागरिक र देशमा प्रवेश गर्न चाहने अन्य देशका नागरिकलाई यस्तो बन्देज गरिएको हो । अत्यावश्यकताको आधारमा प्रवेश गर्न चाहने तथा अष्ट्रेलियाली नागरिकलाई भने १४ दिन क्वारन्टाइनमा बस्नुपर्ने अनिवार्य गरिएको पनि सो घोषणामा उल्लेख गरिएको छ ।

प्रधानमन्त्री मोरिसनले अष्ट्रेलियामा देखिएको सङ्क्रमणमध्ये करिब ८० प्रतिशत जति विदेशी नागरिकबाट सरेको पाइएको पनि जानकारी दिए। अष्ट्रेलिया सरकारको स्वास्थ्य विभागकाअनुसार बिहीबार बिहानसम्म ५५६ जनामा कोरोना भाइरसको सङ्क्रमण देखिएको छ ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०६९/०१/२२ मा दर्ता भएको **प्रा.लि. नं. ९२९१७** को **ओशो इन्टरनेशनल ट्राभल एण्ड टुर्स प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्न बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।



नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

**वैदेशिक रोजगार विभागको**

**सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त श्री **डिसेन्ट इम्प्लोइमेन्ट प्रा.लि.** (ई.प्र.नं. ९०४)ले आफ्नो रजिष्टर्ड कार्यालयको साविकको ठेगाना **काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ३१ बानेश्वरबाट** बाट परिवर्तन गरी **काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ३ बसुन्धारामा** राख्नको लागि माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागको संस्था दर्ता तथा नवीकरण शाखामा दावी विरोध गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



**साउदीमा रोजगारको अवसर** | कम्पनी : FAHAD IBRAHIM AL-EYADHY EST. शहर: KSA

पूर्व स्वीकृत मितिः २०७६/१२/०६ चलानी नं.: ६०१५३६१७ L.T. No.: 235118

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Labour | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा चैत १४ गते (27 March 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Hamdan Employment Service Pvt . Ltd.**
Gov. Lic. No. 761/064/065
Tilganga-9, Manpower Bazar, Airport, Kathmandu, Tel: 4474505, 4474506
Email: hamdan773@gmail.com | Website: www.hamdannepal.com



**Free Visa ! Free Ticket ! Free Services Charge सहित Malaysia मा रोजगार**

कम्पनी : PACKERMAN SDN. BHD., MALAYSIA

पूर्व स्वीकृत मितिः २०७६/१२/०६ चलानी नं.: ६०१५३६१४ LT. No.: 235189

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 6 | 0 | स. काममा दक्ष | 1200 | ३२,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा चैत १४ गते (27 March 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**International Manpower Recruitment (P) Ltd.**
श्रम इजाजत नं. ३०९/०५९/६०
Balkumari, Lalitpur, Nepal, Tel.: 01-5204346, 5204347, 5204348



**UAE मा रोजगार Hassina Beauty Saloon**

पूर्व स्वीकृती मितिः २०७६/१२/६ चलानी नं. ६०१५३६१५ LT No.: 233847

| सि. नं. | कामदारको पद | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Hairdresser | 2 | काममा दक्ष | 1500 | ४९,२६०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ बर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | निःशुल्क |

**अन्तरवार्त २०७६ चैत्र १४ गते (27 March) यस प्रा. लि. को कार्यालय बसुन्धारामा हुनेछ ।**

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**K.D. OVERSEAS PVT. LTD.**
Lic. No.: 1253/074/075
Basundhara-3, Kathmandu Phone. 01- 4365983, 9801090470



प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्
**बालाजु स्कुल अफ ईन्जिनियरिङ्ग एण्ड टेक्नोलोजी**
बालाजु, काठमाडौं

**बोलपत्र स्वीकृति गर्ने आशयको सूचना**

प्रकाशित मिति :- २०७६/१२/०७

यस स्कूलको मिति २०७६/११/०१ गते मध्यान्ह राष्ट्रिय दैनिक तथा e-Procurement portal https//bolpatra.np/egp मा प्रकाशित सूचना अनुसार भवन निर्माण कार्यका लागि बोलपत्र न्यूनतम मूल्यांकित र सारभूत रुपमा प्रभाव ग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ (संशोधन २०७३) समेतको दफा २७ र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि बोलपत्र स्वीकृति गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | बोलपत्रदाताको नाम | कामको विवरण | कबोल अंक रु. (मू.अ.कर बाहेक) |
|---|---|---|---|
| CTEVT/BSET-076/077-Civil-01 | Pasupatinath Construction | Construction of Extension Building at BSET Balaju | १,०६,८६,८७१/१६ (एक करोड छ लाख छयासी हजार आठ सय एकहत्तर पैसा सोह्र मात्र |

सम्पर्क नं. ९७७-१-४३५०२१३, ४३५०२१४, E-Mail ID:- info@bset.edu.np



**मलेशियामा रोजगारको अवसर** | कम्पनी : TC UNITRADE SDN.BHD. शहर: MALAYSIA

पूर्व स्वीकृत मितिः २०७६/१२/०६ चलानी नं.: ६०१५३६१२ LT. No.: 235178

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 85 | 0 | स. काममा दक्ष | 1200 | ३२,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा चैत १४ गते (27 March 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. उमेर १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**वि. एस. ओभरसिज प्रा. लि.**
पो.ब.नं.: १५१४२, सामखुसी - ३, काठमाडौं, नेपाल
फोन नं.: ४३६३३५८, ४३६४४१०, ४३८७४०२, फ्याक्सः ४३६३७४८
E-mail: info@bsoverseasnepal.com, bsoverseasnepal1@gmail.com
website: www.bsoverseasnepal.com
श्रम इजाजत नं. ५४०/०६१/०६२
ISO 9001 : 2015 CERTIFIED Regd No : 19313/A/001/En
स्थापनाकालको सबैभन्दा छोटो समयमा नै ISO 9001:2015 प्राप्त गर्न सफल कम्पनी



**मलेसियामा रोजगार** | कम्पनी: INFINITY LOGISTICS & TRANSPORT SDN.BHD. शहर: MALAYSIA

पूर्व स्वीकृत मितिः २०७६/१२/०२ चलानी नं.: ६०१५३५५२ LT. No.: 234764

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cargo Worker | 17 | 0 | स. काममा दक्ष | 1200 | ३२,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा चैत १४ गते (27 March 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Baby Star International Pvt. Ltd.**
Gov. Lic No. 1081/073/074
Sinamangal-9 (Tara Hall Chowk), Kathmandu, Tel: 4492613, 4494173, Fax: 4494173
Mob.: 9801057543, 9851201769, 9813599770, 9851041565, Email: babystar149@gmail.com, Web.: www.babystar.com.np

# बक्स अफिस समाचार

# चलचित्रकर्मीलाई सरकारबाट राहतको आश

**मध्यान्ह संवाददाता**
काठमाडौं/६ फागुन

कोरोना भाइरस (कोभिड-१९) को संक्रमणबाट बच्न सरकारले सिनेमा हल बन्द गर्ने निर्णय गऱ्यो । फागुन ५ गते सरकारले कोरोनाको संक्रमणबाट बच्न ३० अप्रिलसम्मका लागि सिनेमा हल बन्द गर्न निर्णय गरेको थियो । झण्डै डेढ महिना हल बन्द भएपछि चलचित्रकर्मीले सरकारबाट राहतको आश गरेका छन् ।

नेपाल चलचित्र निर्माता संघले कोरोना त्रासका कारण चलचित्र तथा संगीत क्षेत्र मारमा पर्ने भन्दै सरकारबाट राहतको आश गरेको हो । संघले बिहीबार एक विज्ञप्ती जारी गर्दै मूल्यअभिबृद्धि कर र बैंक तथा वित्तिय संस्थाबाट लिइएको ऋणको ब्याज मिनाहा गर्न सरकारसँग माग गरेको छ ।

कोभिड-१९ का कारण राष्ट्रिय चलचित्र तथा गीत संगीत धरासायी बन्न लागेको भन्दै ऋणको ब्याज मिनाहा गर्न सरकारसँग माग गरिएको हो ।

महासचिव रोज राणाले विज्ञप्ति जारी गर्दै सिनेमा हलहरूले प्रयोग गर्ने बिजुली बत्तीको भुक्तानीमा मिनाहा, नेपाली चलचित्रको टिकट रकममा लाग्ने अतिरिक्त मूल्य अभिवृद्धि कर पूर्ण रूपमा मिनाहा गरिनुपर्ने माग गरे ।

त्यस्तै, चलचित्र तथा गीत संगीत क्षेत्रका कलाकार, श्रमिकहरूले चलचित्र सम्बन्धी काम गरे वापत प्राप्त गर्ने पारिश्रमिकमा कटाइने कर समेत मिनाहा गर्न माग गरिएको विज्ञप्ती उल्लेख गरिएको छ ।

कोभिड-१९ संक्रमण, रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिले चैत ५ गते सिनेमा हल, सांस्कृतिक केन्द्र लगायतका बढी भिडभाड हुने स्थलहरू १८ वैशाखसम्म बन्द गर्ने निर्णय गरेको थियो ।

आमजनताको स्वास्थ्यलाई मध्यनजर गर्दै देश र जनताका लागि गरिएको उक्त निर्णयबाट चलचित्र क्षेत्रमा असर परेको भन्दै संघले त्यसका लागि विशेष राहतको माग गरेको हो ।

सरकारको उक्त निर्णयले चलचित्र क्षेत्रसँग आश्रित रहेका लाखौं श्रमजीवी चलचित्रकर्मी, लगानीकर्ता, सिनेमा घर व्यवसायी प्रभावित हुने भएकाले राहत मागिएको विज्ञप्तिमा उल्लेख छ ।

सरकारको यो निर्णयसँगै चैत २८ गते प्रदर्शनमा आउने 'प्रेमगीत-३' र 'चपली हाइट-३' को प्रदर्शन मिति सरेको छ । सरकारको निर्णयपछि प्रेमगीतका निर्माता सन्तोष सेनले फेसबुकमा आफूहरुलाई अब झन् समय मिलेको भन्दै ट्रेलर र गीत उपयुक्त समयमा रिलिज गर्ने लेखेका छन् ।

यसअघि 'म यस्तो गीत गाउँछु-२', 'नीरफूल' ले प्रदर्शन मिति सारिसकेका छन् । कोरोनाकै कारण शिवहरि पौडेल निर्देशित चलचित्र 'लक्का जवान' पनि पछाडि धकेलिएको थियो । हल नै बन्द भएपछि वैशाखमा प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'हिरो रिटर्न्स', 'हिजोआजका कुरा' स्वत सर्ने भएका छन् ।

चलिचत्र संघका अध्यक्ष मधुसुदन प्रधानले सरकारको निर्णयको स्वागत गर्दै संघले सबै सदस्यलाई हल बन्द गर्न निर्देशन दिएको बताए । चलचित्रकर्मीले सरकारको उत्तः निर्णयको स्वागत समेत गरेका छन् ।




# चलचित्र 'गोर्खे' को पोस्टर सार्वजनिक




**काठमाडौं/मस-** कोरोना भाइरसको त्रासका कारण प्रदर्शनको तयारीमा रहेका चलचित्रले प्रदर्शन मिति स्थगित गरिरहेका बेला 'गोर्खे' को टिमले भने पोस्टर सार्वजनिक गरेको छ । दुई पोस्टरमा अभिनेता रविन्द्र प्रताप सेनलाई विशेष भूमिकामा देखाइएको छ । एउटामा सैनिक पोशाकमा रविन्द्र हातमा बन्दुक बोकेर क्रोद्धित मुद्रामा देखिएका छन् भने अर्कोमा हातमा खुकुरी बोकेर दौडिरहेका छन् ।

चलचित्रमा रविन्द्र गोर्खे सेनाको भूमिकामा देखिएका छन् । 'गोर्खे' लाई सन्तोष ढकालले निर्देशन गरेका हुन् । कोजु इन्टरटेन्टमेनको ब्यानरमा हरि लामाको प्रस्तुति र तिर्थ राम कोजुरहरी थापाको निर्माण रहेको चलचित्रको प्रदर्शन मिति भने घोषणा गरिएको छैन । चलचित्रलाई यसै वर्ष प्रदर्शनमा ल्याउने तयारी भए पनि कोरोनाका कारण अर्को वर्ष मात्र प्रदर्शन हुने भएको छ ।

यो चलचित्रको यसअघि दुई गीत 'सिन्की अचार' र 'गाम भरी हल्ला भो' सार्वजनिक भइसकेका छन् । पोखरा, काठमाडौंलगायतका स्थानमा छायांकन गरिएको यो चलचित्रमा हिमाल केसीको द्वन्द्व छ । चलचित्रले गोर्खे बन्ने सपना बोकेका ५ युवाहरुको कथा उठाएको छ । चलचित्रमा रविन्द्रसँगै अर्जुन गुरुङ, अञ्जली अधिकारी, एन्जेल श्रेष्ठ, आश्मी लामा, आश्मी श्रेष्ठलगायतका कलाकारको अभिनय छ ।

# 'चपली हाइट ३' मा सुपुष्पाको बोल्ड अवतार




**काठमाडौं/मस-** विश्वव्यापी महामारी बनेको कोरोना भाइरस (कोभिड-१९) को संक्रमण तथा त्रासका कारण चलचित्रहरूले धमाधम प्रदर्शन मिति सार्दै आएका छन् । बिहीबारदेखि त सिनेमा हल नै बन्द भएका छन् ।

यही चैत २८ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको चलचित्र 'चपली हाइट-३' पनि स्थगित भएको छ । निकेश खड्का निर्देशित सस्पेन्स-थ्रिलर जनरामा निर्माण भएको 'चपली हाइट ३' मा सुपुष्पा भट्ट, स्वस्तिमा खड्का, अर्पण थापा, महेश त्रिपाठी, प्रतिकमान श्रेष्ठ, दीपाश्री निरौला, लक्ष्मी बर्देवा, जीवन भट्टराई, लोकेन्द्र लेखक, विशाल पहारीलगायतका कलाकारहरुको अभिनय छ । चलचित्रकी मुख्य पात्र सुपुष्पाको बोल्ड तस्बिर सार्वजनिक भएका छन् । निर्माण टिमले अभिनेत्री सुपुष्पाको केही बोल्ड तस्विरहरु सार्वजनिक गरेको हो । जसमा उनलाई विकिनी अवतारमा देख्न सकिन्छ । स्विमिङ पूलमा विकिनी अवतारमा देखिएकी सुपुष्पाले यो सिन जाडो मौसममा दिएकी हुन् । पहिलो पटक बोल्ड अवतारमा प्रस्तुत हुन लागेकी सुपुष्पा यो फिल्मलाई लिएर निकै उत्साहित छिन् ।

आकाश बरालको पटकथा तथा संवाद रहेको फिल्ममा सुभाष भुषाल र अर्जुन कुमारको संगीत छ । अष्ट महर्जनले फिल्मको एक्सन सिनको कोरियोग्राफी गरेका हुन् ।

# माल्दिभ्समा मस्ति गर्दै रीमा



**काठमाडौं/मस-** नायिका रीमा विश्वकर्मा यतिबेला माल्दिभ्समा छिन् । 'कमेडी च्याम्पियन' मा होस्ट तथा निर्मात्री रहेकी रीमा 'कमेडी च्याम्पियन' को फिनाले सकिएपछि बिदा मनाउन माल्दिभ्स पुगेकी हुन् । उनले माल्दिभ्समा स्विमिङ पुलमा रमाइरहेको तस्बिर सार्वजनिक गरेकी छिन् ।

तस्बिरमा उनलाई निकै बोल्ड देखिएकी छिन् । कोरोना भाइरसको संक्रमण सँगै त्रास बढिरहेका बेला उनले सामाजिक सञ्जाल मार्फत सबैला सचेत रहन आग्रह गरेकी छन् । उनले एक भिडियो सार्वजनिक गर्दै भनेकी छन्, 'विश्वभर फैलिँदै गएको कोरोना भाइरसको त्रासले हामी पनि अछुतो छैनौं । यति बेला डराउने भन्दा पनि आफ्नो सुरक्षा र स्वास्थ्यलाई प्राथमिकता दियौं । सरकारले बिना काम घर बाहिर ननिस्कनु भनेर नोटिस सार्वजनिक गरिसक्यो । त्यसैले आफ्नो सुरक्षाको लागि धेरै भन्दा धेरै पटक हात धुनुस्, मास्क लगाउनुस्, सेनिटाइजर प्रयोग गर्नुस् र खाली समयको सही सदुपयोग गर्नुस् ।'


## भूल सुधार

मिति २०७६/१२/०६ गते मध्यान्ह दैनिकमा प्रकाशित यूएईमा रोजगार शिर्षक, कम्पनी : D Force Security Services L.L.C, L.T. No.: 224749 र चलानी नं.: ६०१५३४८० को विज्ञापनमा अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७७ बैसाख २, ३, ४ र ५ गते (14, 15, 16 & 17 April 2020) मा हुनेछ । हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

**Society Overseas Pvt. Ltd.**
Govt.Lic.No: 1285/074/075
Gaushala-9, Kathmandu
Tel: 4113614, 4113645



## साउदीमा रोजगार

कम्पनी: DOMESTIC WORKER FEMALE
शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७६/१२/०५ चलानी नं.: ६०१५३६१८ LT. No.: 235134

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant labour | 29 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३७,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | General Worker | 19 | 0 | | 1200 | ३७,८८५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा चैत १४ गते (27 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Excellent Manpower Services Pvt. Ltd.**
साविक: (AL SUJIT MANPOWER PVT. LTD.)
Gov. Lic No. 1328/074/075
Sinamangal-9, Airport, Kathmandu, Tel: 4485517, 6924454
Email: excellentmanpower1328@gmail.com



## कतारमा रोजगारको अवसर

कम्पनी : DOHA EXTRA CO
शहरः QATAR

पूर्व स्वीकृत मितिः २०७६/१२/०६ चलानी नं.: ६०१५३६५५ LT. No.: 235210

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 5 | 0 | सम्बन्धित काममा दक्ष | 900 | २९,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Building Worker | 3 | 0 | | 900 | २९,११५ | | | | | | | |
| 3. | Plumber | 6 | 0 | | 1100 | ३५,५८५ | | | | | | | |
| 4. | Gypsum Technician | 5 | 0 | | 1100 | ३५,५८५ | | | | | | | |
| 5. | Assistant Mason | 15 | 0 | | 1100 | ३५,५८५ | | | | | | | |
| 6. | Carpenter | 2 | 0 | | 1100 | ३५,५८५ | | | | | | | |
| 7. | Mason | 5 | 0 | | 1100 | ३५,५८५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा चैत १४ गते (27 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**INSPIRE INTERNATIONAL EMPLOYMENT PVT.LTD.**
Gov. Lic. No. 1363/074/075
Sinamangal, Manpower Bazzar, Kathmandu.
Phone No: 01-4481546 Mob: 98018154083, 9815926684, 9803190690



## कुवेतमा रोजगार

१. कम्पनी: ASIAN GROUP CO GENERAL TRADING & CONTRACTING WLL
शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०७६/१०/२६ चलानी नं.: ६०१५१४१३ L.T. No.: 232546 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Outdoor Labours | 15 | 0 | सम्बन्धित काममा दक्ष | 90 | ३४,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Heavy Vehicle Driver | 7 | 0 | | 150 | ५७,३१५ | | | | | | | |
| 3. | Female Cleaner | 0 | 1 | | 90 | ३४,३९० | | | | | | | |
| 4. | Secretary | 0 | 1 | | 150 | ५७,३१५ | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा चैत १४ गते (27 March 2020) मा हुनेछ ।

